श्रीः

अथ पुरुषोत्तम मास महात्म्य

लेखकः विष्णुप्रसाद अर्याल

श्री:

अथ

पुरुषोत्तम मास महात्म्य

लेखक: विष्णुप्रसाद अर्याल

कथन तथा प्रकाशक:
विष्णुप्रसाद अर्याल
ट्याङ्गलाफाँट-१, कीर्तिपुर, काठमाडौं

सल्लाहकार:
डा. कमलराज अर्याल
बिमल अर्याल
मदनराज अर्याल

प्रकाशन मिति:
वि.सं. २०६४ वैशाख

प्रकाशित सङ्ख्या: ५०० प्रति

कम्प्युटर:
दुर्कमान महर्जन
दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर नयाँवजार
फोन नं.: ४३३५५३६

मूल्य रु. ८०

श्री

श्री गणेशाय नमः

आत्म निबेदन

श्रीगणोशाय नमः । यस्तै यो सन्सारी यात्रामा मनुष्यको पञ्चतत्वका भौतिक देहले कुनै न कुनै कार्य त भै नै हाल्छ । सम्बत् ०३५ साल तिरको कुरा हो, पुरुषोत्तम मासमहात्म्य नारद पुराण देखि भएको कथाका लेखलाई लिएर मनोभावना अनुसार कोरा सिद्धान्तमा केहि तयार भएको थियो । यस्तै जीवन यात्रा को गतिमा अनेक किसिमका कामकार्य हरुमा सिद्धि बा असिद्धिको विघ्न बाधा त भैहाल्छ र तेति बेलाका अबस्था अनुसार अग्नि प्रकोप बाट अपहरण हुंदा त्यो सकियो ।

दश बाह्र वर्षपछि का कुरा हो फेरि पनि मनमा धेरै इच्छा आउँदा त्यो अघिका कुराहरुलाई लिएर पहिलेकै स्मृतिमा शार्दूलबिक्रिडित छन्दले समेट्न सकेका जति नेपाली भाषा श्लोकको लयमा तथा कथित आफ्ना दिमागले भ्याए जति यो रचना गर्न चितवनको बसोबासमा परिश्रम गरियो । केही समय कम्प्युटरमा पनि ढिलाई भएको र समयानुकूल युरोपतर्फ घुम्फिर गर्दा थकित भएको थियो । यसमा चितवन पर्सा बजार निवासी विष्णु न्यौपानेज्यूबाट र हाम्रा समादरणीय गुरुपुत्र लिलानाथ पौडेलज्यूबाट पनि निरिक्षण गरिदिनु भएकोमा धेरै धेरै आभारी छु ।

यो रचना प्रकाश गर्न सज्जन् महाशय पाठक वर्गसमक्ष फूलोस् फलोस् भन्ने कामनाका साथ समर्पण गर्दछु ।

यो के हो ?

नारद पुराण पुरुषोत्तम महात्म्यको यो श्लोक भाषावद्ध गरियो । यसमा पुनरुक्तिका र अन्य त्रुटीहरु प्रशस्तै होलान् । म यौटा सम्वत् २०१४ को वाराणसी विधेय साहित्य विषयको सम्पूर्ण पूर्व मध्यमासम्मको अध्ययन मात्र भएको व्यक्ति भएकाले अग्लो वृक्षमा फलेर पाकेको फल टिप्न भैंमा बसी हात लम्काको जंस्तै हो, तापनि–

गच्छतः स्खलनं क्वापि भवेदेव प्रमादतः
हसन्ति दुर्जनातत्र समादधति सज्जनाः ॥१॥

यस्तो वाक्य स्वीकार्दै विद्वान् महाशय महानुभावहरुमा यो लेख लेखी गल्ती सुधार गरिपाउन क्षमाका साथ आशा राखी यो विनम्र अनुरोध निवेदन गर्दछु ।

लेखक

श्रीः
श्रीगणेशाय नमः

पुरुषोत्तम मास महात्म्य

मङ्गलाचरण

वृन्दावन्का कलानाथ वृन्दावन विनोदनम्
वृन्दावन विहारी औ राधाकृष्ण सनातनम् ।
वन्दना पाउमा शीर्ले भक्तिप्रेम धरीकन
सिद्धिपाउँ छिटो नाथ भाषा श्लोक बनाउन ॥

अधिक मास महात्म्य

पैल्हे क्वै दिन यज्ञ उत्सुक हुँदै धेरै ऋषिश्वर्हरु
देवल् पैल सुमन्तु छन् सुमति औं ती अङ्गिरादीहरु ।
कौशिक् भार्गव अत्रि गालव वसू कात्यायनी जैमिनी
गर्थे यज्ञ बसेर नैमिषमहाँ अत्यन्त खुशी बनी ॥१॥

पौराणिक् सुत व्यास शिष्य पनि हुन् घर्बाट निस्के सुत
तीर्थाटन् गरदै घुमेर तहिँ नै पुग्दा भए छन् अत ।
गोपीचन्दनले प्रशन्न छ मुहार् त्यो उर्ध्व पुण्ड्रैकन
माला श्री तुलसी छ छाति बिचमा शोभा छ त्यो भन् पुन ॥२॥

यस्ता श्री सुतलाई देखिकन फेर्तीशौनकादी मुनी
उच्चै आसन त्यो तयार्गरि दिए अत्यन्त हर्षित् बनी ।
सारा शौनकलाई ती सुतजिले पैल्है प्रणामै गरी
दीक्षित् आसनमा गयीकन बसे आनन्द मन्मा धरी ॥३॥

सुत प्रति शौन कादिहरुको प्रश्न

हात् जोरीकन शौनकादि मुनिले यो प्रश्न गर्छन् अब
संसार् सागर तर्नलाई सजिलो कुन् हो उपायै सब ।
भौतिक् आदिक वस्तुमा भुलिभुली मोहै हुने जन्कन
उद्धार् हुन्छ कसोरि त्यो सब कुरा हे सूत भन्नोस् पुनः ॥४॥

ज्ञान् छैनन् जसमा ति अन्धहरुको यै नेत्र दान्ले पनि
हर्ला पाप र ताप शोक भवको सन्तोष होला अनि ।
गर्थे प्रश्न ति शौनकादि मुनिले यस्तै तवर्ले सब
भन्नूभो अति खूसि भै मन महाँ श्री सूतजीले अव ॥५॥

तीर्थै गर्छु भनेर फेरि मनले घर्देखि जाँदो भयैं
जाँदा पुष्कर तीर्थमा त सजिलै पैल्हे पुगेको थियैं ।
तेताबाट घुमेर फेरि यमुना काशी र गङ्गा महाँ
कावेरी अनि ताम्रपर्णि वदरी गोदावरी हो जहाँ ॥६॥

स्नान् तर्पण् ऋषिदेव पितृहरुको तृप्तै गराइकन
तीर्थाटन् क्रमले घुमेर म पुगेँ फेर्हस्तिनापुर् पुन ।
धर्मैपूर्वक राज्यपालन गरी बस्थे परीक्षित् यहाँ
मर्ने सात् दिनमा सराप् परिगयो ब्रह्मर्षि देखी तहाँ ॥७॥

त्यागी भार्सब राज्यको नृपतिले गङ्गा किनार्मा गयी
खाँदै कत्ति नखाई ढृढ् अनश ब्रत् एकत्वमन्मा लियी ।
यो हल्ला सब यत्रतत्र जगतै हावा सरी फैलियो
राजाकासँग साथमा अति ठुलो धेरै समाजै गयो ॥८॥

ब्यास्का पुत्र ति ज्ञानवान् अति वडा श्रीकृष्ण जप्थे हरि
यस्ता श्री शुकलाई स्वागत गरे सब्ले समाजै भरि ।
राखे आसनमा लगेर सबले ज्ञानी ठुला हुन् भनी
तारागण्विच चन्द्रमासरि थिये वस्थे ति खूशी वनी ॥९॥

मुक्तीसात् दिनमा परीक्षित भए श्रीभागवत् यो सुनी
देख्दा यज्ञ कृतार्थ छु म त सधैं छौ धन्यवान् है मुनी ।
शौनक्लाइ बताउँथे सुतजिले त्यो नैमिषारण्यमा
नम्रै भैकन शौनकादि मुनिले यो विन्ति गर्थे तहाँ ॥१०॥

वेदादि अरु धर्मशास्त्रहरुमा कस्ता कुरा के छ र ?
कल्याण् हुन्छ कसोरि सो कहनुहोस् हेसूत ? ज्ञानीवर ।
यस्तो प्रश्न सुनेर सब् ति ऋषिको श्री सूतजीले पनि
भन्नूभो सब सावधान मनले शौनक् सुनी ल्यौ तिमी ॥११॥

बद्रीका श्रममा नारद नरनारायण संवाद

नर्‌नारायणको त आश्रम थियो त्यो वद्रिका श्रम्‌महाँ
धेरै लोक घुमेर नारदमुनि पुग्दा भए छन् तहाँ ।
द्यौता सिद्ध तपस्विहेरु सबले सेवा गरेको थल
रुद्राक्षै, अमला र बेल कटहर् फल्थे अनेकौं फल ॥१२॥

निस्केकी हरिपाउबाट अलका गङ्गा नदी छन् जहाँ
घुम्दै नारद ताँहि क्यै दिन पुगे गद्‌गद् हुदै मन्महाँ ।
नर्‌नारायणलाई सादर प्रणाम् पैल्हे गरी त्यो घरि
हात् जोडी स्तुति गर्दछन् प्रभुजिको आनन्द मन्‌मा धरि ॥१३॥

सत्यात्मा प्रभु हौ त्रिलोक भरमा हे नाथ् जगन्नाथ् हरि
गर्नुहुन्छ तपस् यसै जगतको सम्मान थाम्ने गरी ।
आयो घोर्कलिमा त मानिस हरुपाप् धेर गर्ने हुँदा
यौटाले तप गर्दछन् यदि भने थामिन्छ भूमी तदा ॥१४॥

सत्यादि युगमा त पाप् गरिलिने एक्‌देखि अर्को कन
भाग् लागे जति भोग्दथे कलि महाँ भोग्ने छ कर्ता जन ।
पाप् गर्छन् कलिका मनुष्यहरुले लोभी र कामी बनी
पत्नी पुत्र शरीर दौलत सबै छन् स्थीर मेरो भनी ॥१५॥

ठूलो पापि पनी पवित्र गतिमा पुग्छन् कसोरी अब
श्री नारायणसाथ नारदमुनि यो विन्ति गर्छन् तब ।
विन्ती नारदको सुनेर खुशि भै नारायणैले पनि
धेरै पुण्य प्रदा पवित्र गरिने सारा भुवन्‌को अनि ॥१६॥

राशेश्वर् रसिला ति गोपीहरुको भ्रमर्सरी भैकन
जो छन् काम मदन् हरण् गरिलिने यस्ता प्रभूमा पुन ।
सम्झायौ अति पुण्यदायक कथा यो मासको व्रत् लिने
तिन्को हुन्छ दरिद्रतादि हरणै सत्पुत्र मोक्षै दिने ॥१७॥

श्रीनारायण देखि यो सब कुरा सुनेर नारद्मुनि
कोहुन् श्रीपुरुषोत्तमै ति अधिदेव् त्यो सुन्न पाऊँ भनी
विन्ती नारदको सुनेर उ बखत् नारायणैले तहाँ
ध्यान् गर्थे पुरुषोत्तमै प्रभुजिको मूहूर्त भर् मन्महाँ ॥१८॥

यस् मास्को पुरुषोत्तमै ति अधिदेव् स्वामि भनी नाम यो
मासै यो पुरुषोत्तमै ऋषिहरु भन्छन् र यो नाम भो ।
श्रीनारायण देखि यो सुनि सकी फेरि पनि नारद
चैत्रादी बढि तेर मास कुन हो भन्नोस् ममा सादर ॥१९॥

स्नान् दान् जप् उपवास् र पूजन पनी गर्ने कसोरी भनी
के कस्तो फल हुन्छ व्रत् गरिलिने नर्नारिलाई पनि ।
जन्मन्छन् कलिकालमा जनहरु कर्मै भरोसा गरी
दुःखी फेर् कति रोगि पुत्रहिनका हुन्छन् ति धेरैथरि ॥२०॥

विद्याहीन कुचैल नास्तिक शठै पाप्ले मलिन् छन् अति
सेवामा अरुको गरेर रहँदा हुन्नन् मनोरथ् कति ।
पितृमातृ कलत्र इष्टजनमा सब् ती वियोगी अनि
बन्ध्याको अनि कुष्टिरोगि विधवा ती नेत्रहिन्को पनि ॥२१॥

यस्तै पाप समूह दोषहरुको नाशै गराइकन
उद्धार् हुन्छ कसोरि त्यो सब कुरा भन्नोस नारायण ।
पौराणिक् सुतदेखि यो सब कुरा सुनेर शौनक् मुनि
सोद्छन् ती सुतलाई शौनकहरु साह्रै दयालु बनी ॥२२॥

नारायण् नरका सखा ति हरिले नारद्जिलाई अव
के के भन्नुभयो बताउनु हवस् त्यो सुन्न पाउँ सब ।
यस्तो प्रश्न सुनेर सब् ति ऋषिको श्री सूतजीले पनि
पाण्डव् श्री हरिविच् अगाडि सवको यस्तो कुरो हो भनी ॥२३॥

काम्यक वनमा श्रीकृष्ण द्रौपदी पाण्डब भेट वार्ता

राजा धार्मिक हुन् युधिष्ठिर वडा खेल्थे जुवा क्यै दिन
कौरव्का छलले सबै हरिलिये राज्यै सबै त्यो धन ।
जन्मेकी अघि अग्निकुण्डविचमा कृष्णा भनी नाम्धरी
दुःशासन् खलले ठुलो दुःख दियो वस्त्रै हरण् यो गरी ॥२४॥

गर्दा त्यो दुःखको ठुलो स्तुति पुकार् श्री कृष्णजीले गयी
हुर्मत् द्रौपदिको वचाइदिनुभो वस्त्रै स्वरुपी भयी ।
राज्यै त्याग गरेर पाण्डव सबै काम्यक् वनैमा गये
खान्छन् फल्फुल वस्तछन् वनमहाँ सारै मलिना थिये ॥२५॥

भेट् गर्छु भनि पाण्डवादि सबको काम्यक् वनैमा तहाँ
जानूभो ऋषि साथमा लिइ अनि श्रीकृष्ण त्यो वन्महाँ ।
वस्त्रै छन् मृगचर्म धारण शरीर् यस्तो छ पैरन् अनि
धुलो अङ्ग भरी हुँदा अति मलिन् ती पाण्डवैको पनि ॥२६॥

लट्टा केश मलिन् पृथा अति दुखी दुब्ली कती हो कति
पूर्णै चन्द्र विषे त वादल बसे जे हुन्छ त्यस्तै गति ।
न्यूरी द्रौपदि सव् ति पाण्डवहरु श्री कृष्णजीको तहाँ
हात् जोरी प्रभुको प्रणाम् गरि बसे सव्ले क्षणैभर् महाँ ॥२७॥

विश्वात्मा हरिभक्त वत्सल प्रभु देखेर यस्तो स्थिति
कौरव् नाश गराइ फेरि जगतै गर्छन् कि भस्मै कति ।
क्रोध्ले पूर्ण अगाडि सामु सबले देखे जगन्नाथ् हरि
हर्दा रावणले सिता जसरि हो राम्चन्द्र जस्तै गरी ॥२८॥

काम्दै अर्जुनले डराई उ वखत् हात् जोरि विन्ती गरे
रक्षा पालन गर्दछौ जगतको मां त्राहि त्राही हरे ।
क्रोध्का दृष्टि र तापले जगतको ब्रह्माजिलाई तहाँ
गर्ला फेरि पतन् भनेर मनले डर् मान्दछु मन्महाँ ॥२९॥

ईश्वर् हौ सब यो चराचर जगत् माङ्गल्य विज्रुप् भयी
सृष्टी गर्नुभयो यसै जगतको साक्षी स्वरुप्ले रही ।
लाम्खुट्टे भुसुना त मार्न मनले घर् पोल्नु जस्तै यहाँ
यस्तो गर्नुभयो भने हजुरले जाऊँ शरण् कस्कहाँ ॥३०॥

यस् रित्ले स्तुति पाठ् ति अर्जुनजिको सुनी हरीले पनि
रिस्ले शान्त भएर स्वच्छ हुनु भो ती चन्द्रमा झैं बनी ।
देख्दा शान्त हरि प्रशन्न मनका प्रेम्मा डुबेका सब
फल्फुल् स्वागत राखि सादर गरिन् श्रीद्रौपदीले तब ॥ ३१॥

हे शौनक्मुनि हो तपाईहरुले सोध्यौ मलाई यहाँ
तेस्तै प्रश्न गरे ति अर्जुनजिले श्री कृष्णका सँग्महाँ ।
सम्बोधन् ऋषिलाई यो गरिसकी फेरी पनि श्रीसुत
कृष्णै अर्जुनको भयो जति कुरा भन्नुभयो त्यो सब ॥३२॥

चैत्रादि अरु बार मास लव औ नाडी र पक्षैहरु
मूहूर्तादि अयन् ऋतू युगहरु वर्षौं पराध्र्दै अरु ।
प्राकृत्का नदि और पोखरि कुवा धाराहरु छन् जति
ठूला रुख् लहरा जडीबुटि अनि राज्धानि देश् ग्राम् कति ॥३३॥

रुप् गुण् आफ्नु मिलाई मुर्तिसँगमा स्वामी सहित् भैकन
पूजिन्छन् अधिकार् लिई यिनिहरु दिन्छन् फलै सब् पुनः ।
हे अर्जुन् यि त वस्तथे खुशि हुँदै शौभाग्यशाली भयी
ताप् चिन्ता मनमा हुँदा अधिकमास् रुन्थ्यो अति पिर् लियी ॥३४॥

अस्पृश्यै मलमासमा शुभ कुरा कर्मै नगर्नू भनी
सारा लोक् जनवासिले भनिलिँदा सुन्दा अति ताप् बनी ।
शोकाकुल् अति खिन्न मन् हुन गयी घुम्दै कुनै दिन्महाँ
बैकुण्ठैपुरिको पुग्यो र पहिले त्यो भित्रि ढोका वहाँ ॥३५॥

साम्नेमा गयि दण्डवत् अनि प्रणाम् पर्छु शरण् ल्यौ भनी
लाग्यो त्यो स्तुती गर्न औ प्रभुजिको अत्यन्त दुःखी बनी ।
भक्तैको दुःख सब् हरण् गरि लिँदा भन्छन् दयालू सब
आयो दुःखि भनी शरण् लिनु हवस् पर्छु शरण्मा अब ॥३६॥

लोक् निन्दा शुभ कर्ममा गरिलिँदा दु:खी भएको म छु
कंसैको दु:खबाट देवकि सरी उद्धार गर्नोस् प्रभु ।
दु:शासन् खलले अती दु:ख दिँदा ती द्रौपदीजीकन
रक्षा गर्नुभयो मलाई पनि लौ उद्धार गर्नोस् पुनः ॥३७॥

गोपाल् गौ यमुना विषाक्त जलमा मूर्छा भएको दिन
रक्षा गर्नुभयो मलाई पनि लौ रक्षा नगर्ने किन ?
पृथ्वीका नृपति थुन्यो मगधले कैदी गराइकन
उद्धार् गर्नुभयो मलाई पनि औ उद्धार गर्नोस् पुनः ॥३८॥

ग्राहैबाट पिडित् गजेन्द्र जसरी उद्धार् गरेकैसरि
रक्षा गर्नु हवस् मलाई प्रभु लौ हे नाथ् जगन्नाथ् हरि ।
गर्दैथे स्तुति यै किसिम्सँग अरु साम्ने खडा भैकन
बस्ने त्यो अधिमासलाई प्रभुले भन्नुभयो यो पुनः ॥३९॥

हे बाबू अधिमास शोक यसरी गर्छौ भयो यो किन ?
मेरो सामु दु:खी छ त्यस्कन म लौ लिन्छु शरण्मा पुनः ।
मृत्यू शोक् भय व्याधि जन्म र मरण् वैकुण्ठ धामै महाँ
छैनन् वत्स बताऊ कारण पनी गर्नेछु रक्षा यहाँ ॥४०॥

यस्तो श्री हरिको कुरा अधिक मास् सुनेर फेरि पनि
आकाश्तुल्य चराचरै जगतको साक्षी स्वरुपी बनी ।
पालन् गर्नुहुने सबै हजुरले के छन् नजान्ने कुरा
जे जस्तो दु:ख भो मलाई प्रभुमा भन्छु म सब् त्यो पुरा ॥४१॥

छैनन् नाम र स्वामि आश्रय पनी द्यौता सबैले यहाँ
अन्धो छु शुभकार्य निन्दित हुँदा यो निच् अवस्था महाँ ।
साम्ने श्रीहरिका अघिल्तिर विलाप् धेरै किसिम्का गरी
तत्काल् मूर्छित भै गिरे अधिकमास् बेहोस् भयी त्यो घरी ॥४२॥

यस्तै औसरमा भनेर हरिले चाँडो गडुर्गैकन
पङ्खी पङ्ख लगाई अङ्ग भरिमा शीतल् गराए पुनः ।
एक्छिन केहि विचार् गरेर हरिले भन्नुभयो यो पनि
हे बाबू उठ शोक दुर् गर सबै शान्ति दिनेछु भनी ॥४३॥

बैकुण्ठाधिपति विष्णु अधिकमास साथ गरी गोलोक गमन

साथैमा अधिमास् लिएर प्रभुजी जानूभयो झट् तहाँ
योगेश्वर् जनलाई पाउन कठिन् गोलोक धामै महाँ ।
यो जन् पर्छ पचास् कडोर्तल अनि दायाँ दिशामा पनि
गोलोक्को मुनि पर्छ सुन्दर अति बैकुण्ठ धामै अनि ॥४४॥

बायाँमा शिवलोक त्यो अति सफा तेस्कै वगल्मा यहाँ
बैकुण्ठै पुरि एक योजन करोड् मण्डल् छ सुन्दर् तहाँ ।
बैकुण्ठै पुरिमा त चैतहरुका वस्त्रै पहेँला धरी
चारै हात महाँ शुशोभित हुने शङ्खादि चिन्है गरी ॥४५॥

बायाँको शिव लोक योजन करोड् फैलिरहेको छ झन्
भष्मै अङ्ग महाँ र नागहरुको यज्ञोपवित् धर्दछन् ।
फर्सा हात महाँ लिएर रहने गङ्गाजि धारण् पनि
अर्धै चन्द्र निधारमा छ सबको बस्छन् निवासी अनि ॥४६॥

ज्ञान्को नेत्र लिएर योगिहरुले शाश्वत् सधैं ध्यान् लिने
यस्का माझमहाँ छ ज्योति अति नै आनन्ददायी दिने ।
द्वी हात्मा मुरली छ पीत कपडा श्रीवत्स चिन्है गरी
बन्माला र किरीट कुण्डल मणी साह्रै सुशोभित् हरि ॥४७॥

यस्ता श्री पुरुषोत्तमैकन पनि देखेर साम्ने रही
हात् जोडी स्तुती गर्नुभो उहि बखत् अत्यन्त गद्गद् भयी ।
शूक्ष्मै अक्षर एक मात्र प्रभु हौ हे गोपि कान्ता भनी
राश्का मण्डल माझमा बसि लिला गर्ने हरी हौ अनि ॥४८॥

हातैमा मुरली छ पीत कपडा शोभा छ अङ्गैभरि
वृन्दावन् बसि रास धेर् रचिलिने हे नाथ् जगन्नाथ हरि ।
साष्टाङ्गै प्रणती र यो स्तुति पुकार् हात् जोडि साम्नेमहाँ
बस्ने श्रीहरिलाई देखि लिनुभो माषोत्तमैले तहाँ ॥४९॥

हे विष्णु स्तुति यो गऱ्यौ जति यहाँ उठी बिहानै जन
पाठ् गर्ला सब पाप तापहरुको हर्ने छ त्यस्ले भन ।
गोलोक्मा जति छन् कुनै पनि यहाँ चिन्ता र शोक्ताप् गरी
बस्ने छैन रुने बताउ किन हो दिन्छु सबै शोक् हरी ॥५०॥

यो वृन्दावनका विहारि हरिका सुनेर यस्ता कुरा
दुःख् पायो अधिमासले जसरि त्यो भन्नुभयो सब् पुरा ।
बाह्रैमास अयन् ऋतुहरु सबै सम्वत्सरादी पनि
स्नान् दान् हुन्न नगर्नू स्वामि छ र हित् यो मास यस्तो भनी ॥५१॥

दु:खीको उपकार् गरी दिनु हुँदा भन्छन् दयालो सब
यो दु:खी अधिमास जानि प्रभुले उद्धार गर्नोस् अब ।
यो बात् श्री पुरुषोत्तमै प्रभुजिले सुनेर फेरि पनि
राम्रो काम गर्‍यौ र कीर्ति रहला हे विष्णु ! तिम्रो भनी ॥५२॥

अधिकमास ऐश्वर्य प्राप्ती

जस्ता रित्‌सित अङ्गिकार गरि यो लिएर आयौ यहाँ
उस्तै रित्‌सँग जानि यी म त सधैं स्वीकार्छु ऐल्हे तहाँ ।
गुण् कीर्ति र पराक्रमै अनि सबै ऐश्वर्य आदिहरु
मेरो भक्तमहाँ दिइन्छ जति चिज् संसारमा ती अरु ॥५३॥

नाम् मेरो पुरषोत्तमै भनि यहाँ लोक्‌वेद भन्छन् उनी
यस्को नाम् पुरुषोत्तमै अब उता जानुन् सबैले भनी ।
बाह्रै मास् सबदेखि यो छ बढिया यही छ उत्तम् सुन
पूज्यै हुन्छ जगत्‌भरी यसमहाँ स्वामी हुँदा मैं पुन: ॥५४॥

गर्दा कर्म सकाम हुन्छ अरुमा निष्काम यो मास् भयो
निष्काम् कर्म लिएर काम गरदा मुक्ति दिने पो छ यो ।
योगीजन् अनि ब्रह्मचारिहरुले जस्लाई पाऊँ भनी
सारा इन्द्रिय काम क्रोध गरि बस् यस्ता तपस्वी अनि ॥५५॥

यस्ताले पनि पाउनै अति कठिन् यो अव्ययै पद् कन
एकै मास् यसमा प्रयास् गरिलिए मिल्ने छ है त्यो पुन: ।
रोपिए भूमिमा यि अन्नहरुका एक् बीजदेखि जति
यो मास्‌मा यदि कर्म गर्छ जसले हुने छ त्यस्तै कति ॥५६॥

चौमासैभरि यज्ञ गर्छ जसले जान्छन् ति स्वर्गै महाँ
सारा भोग् सकि फेरि भूतल महाँ झर्छन् ति फेरी यहाँ ।
यस्तो मास् पुरुषोत्तमै व्रत लिने आउँछ मैंमा अब
आएका जति भक्त यस् स्थलमहाँ फर्कन्न कोही सब ॥५७॥

वेद्को वाक्य प्रमाण् छ सत्य यसमा होला असत्यै किन
मेरो नाम् पुरुषोत्तमै दिइसकें मुक्ति छ साधन् लिन ।
यस् मास्का जति भक्त छन् ति सबको रात्दिन चिन्ता गरी
पूरा गर्दछु कामना म तिनको एक् चित्त मन्मा धरी ॥५८॥

यस्तो मास् पुरुषोत्तमै यस महाँ स्नान् दान् नगर्ने कन
दुःखी पापि दरिद्र भैकन अनि जन्मन्छ त्यस्तो जन ।
मूढा शठ्हरुले तिरस्कृत गरी धर्मै नगर्ने गरे
कुम्भीपाक् अरु नामका नरकमा पर्ने छ जाई भरे ॥५९॥

फेरि जन्म हुँदा ठुलो दुःख भयी शोकाग्निको ताप् सही
भोग्ला दुःख अनेक फेरि भवको नर्नारी मानव् भयी ।
तिन् वर्षे बीच आउने अधिक मास् गर्ने व्रतादि सब
सारा भोग्कन भोगि फेरि अब त्यो जाने छ गोलोक् तब ॥६०॥

शौनक्लाइ सुनाउँथे सुतजिले नैमीष क्षेत्रै महाँ
वद्रीमा पनि नारदैकन अनि नारायणैले तहाँ ।
काम्यक् वन्विच पाण्डवैहरुमहाँ श्रीकृष्णजीले पनि
ऐश्वर्ये अधिमास यो शुभ कथा विस्तार यो भो अनि ॥६१॥

योे वृतान्त सुनाइ फेरि भगवान् श्रीकृष्णजीले अब
धर्मै यो छ पवित्र मास किन हो व्यर्थै गुमायौ सब ।
भीष्मैद्रोण र कर्णको भय गरी रिस् त्रास् लियी मन्महाँ
श्रीमन्तं पुरुषोत्तमै व्रत पुजा धर्मै गरेनौ यहाँ ॥६२॥

जस्तो भाग्य छ भोग्नलाई गरिने मन् दिन्छ मानिस्कन
भाग्यैको फलभोग गर्छ दुनियाँ नर्नारी सारा जन ।
दुःखै कारण जो तपात्रिहरुको भन्छू सबै त्यो अब
सुन्नूहोस् इतिहास् अगाडि अब यो पाञ्चालि पाण्डव् सब ॥६३॥

द्रौपदी पूर्व जन्म विस्तार गरी श्रीकृष्ण द्वारावती गमन

पाञ्चाली पहिले यि पूर्व जुनिमा मेधावी ब्राह्मण्कहाँ
जन्मिन् पुत्रि भयी पुरा हुन गइन् दश् वर्ष फेरि तहाँ ।
सुन्दर् शीलवती विशाल गुणकी साहित्य शास्त्रैकन
चातुर्यै सब ती कला कुशलि हुन् नीति विषारद् पुनः ॥६४॥

आमा बालकमै निधन् हुनुभयो पिताजि बाटै अति
वात्सल्यै अति प्रेम शिक्षित हुँदा स्नेहै थियो भन् कति ।
भावी तर्क विचार् गरी मनमनै तापित् बनी छन् यिनी
ज्ञानी वा पटमूर्ख मूढ अथवा को हुन्छ भर्ता भनी ॥६५॥

मेरो भाग्य सुतेर जान्छ अथवा कुन् तीर्थ धौतामुनि
सेवा गर्न वितर्क यै तरहले गर्थिन् मनैमा गुनी ।
कन्यादान निमित्त वर्सदृशको काँही नमिन्दा महाँ
मेघावी द्विजका ति अङ्ग भरिमा आयो ज्वरो खुब् तहाँ ॥६६॥

अङ्गै कम्पित भै जरो बढिगयो सारा शरीरैभरि
सम्झे श्री पुरुषोत्तमै कन पनि भन्छन् जगन्नाथ् हरि ।
रास्का स्वामि रमण् गराउनु हुने राधाजिलाई पनि
गोप्का गोप कुमारीको त कपडा हर्ने प्रभु हौ भनी ॥६७॥

हे गोविन्द हरे मुरारि भगवान् श्रीकृष्ण भन्दै अब
त्यागे भौतिक देहलाई सहजै मुक्ति भएथे तब ।
देखी प्राण वियोग् पिता शरिर त्यो लिएर काखैमहाँ
रुन्थिन् न्याउलि नामका चरिसरी चर्को स्वरैले तहाँ ॥६८॥

आमाबाट बियोग् अगाडि हुनगो भ्रातादि कोही पनि
भोजन् छादन तात लौ अब उपर्को गर्छ मेरो भनी ।
पुत्री एक अकेलि छाडि अहिले जानू भएको कहाँ
रुन्थिन् धेर विलाप् गरेर यसरी ति बालिका लौ तहाँ ॥६९॥

चर्को स्वर् गरि त्यो बसेर वनमा को रुन्छ ऐल्हे भनी
हेर्नैलाई भनी गए मुनिहरु देखेर सब् त्यो पनि ।
काखैबाट झिकेर मृत् शरिर त्यो दाहादि संस्कार्हरु
सम्झाइकन बालिका सब गरे अन्त्यष्टि कर्मै अरु ॥७०॥

और्ध्वैदैहिक कर्म सब् गरिसकी शोक् गर्दथिन् मन्महाँ
दुर्वाशा ऋषि आउनु पनि भयो आश्रम् छ यिन्को जहाँ ।
गाडा नारि मलाई रुक्मिणि सहित् राँगासरिकै गरी
गाडामाथि बसेर हामि दुइको हप्काउँथे बेसरी ॥७१॥

ओठ् तालू सुकि पानि प्यास् अधिक भै श्री रुक्मिणीको पनि
पाउ अङ्गुलिबाट प्वालभुमिको पारेर धारा अनि ।
ल्याथैँ भोगवती र तृप्त गरियो ती रुक्मिणीजीकन
रुद्राम्शै भई काल रुद्रसरिका हुन्काल रुद्रै पुनः ॥७२॥

आएका ऋषिलाइ देखिकन झट् चिन्ता सबै त्याग् गरी
वाल्मीकी ऋषिलाइ जानकिजिले सत्कार् गरेकैसरी ।
वन्का फल्फुल पाद्य अर्घजलले पूजा ऋषिको अनि
पितृ धर्म प्रवाह प्रेरित प्रभु पाल्नु भएको भनी ॥७३॥

मेरो जन्म सफल् भयो हजुरको दर्शन् हुनाले यहाँ
यस्तो वात गरेर चूप् भइरहिन् ती बालिका लौ तहाँ ।
दुर्वासा ऋषि भन्नुहुन्छ सुनिल्यौ हे बालिका लौ अब
तिम्रो धर्म र शिल् स्वभाव जति हो जानेर मैले सब ॥७४॥

मेधावी ऋषिको ठुलो तप हुँदा पुत्री भयी जन्मियौ
पुत्री हौ तिमि. धन्य छौ यसरि सब् उद्धार् कुलैको गऱ्यौ
हे बाले तिमी धर्ममा रत बुझी कैलाशदेखि यहाँ
आत्रैं जान्छु म बद्रिकाश्रम महाँ तप् गर्नलाई तहाँ ॥७५॥

दुर्वासा ऋषिदेखि यो सुनि सकी ती बालिकाले पनि
आमा बाबु र भ्रातृ धैर्य दिनमा छैनन् यि मेरा अनि ।
शोकाग्नि मनमा बल्यो अति कठिन् रुन्छु सबै दिन्महाँ
निद्रा छैन मलाई भोजन पनि क्यै छैन इच्छा यहाँ ॥७६॥

दश् दिशा जति हेर्दछु सब दिशा शून्यै हुँदै त्यो गयो
पाऔँ दर्शन यो अलभ्यमुनिको शान्ति मनैमा भयो ।
ताप् चिन्ता मनको कुराहरु सबै ती बालिकाको सुनी
भाख्यै पुण्य प्रदायिनी शुभ कथा भन्छन् दयालू मुनि ॥७७॥

आगामी पुरुषोत्तमै छ महिना स्नान् तीर्थमा गैकन
छुट् होला भ्रुणवध् र पाप नरको छैनन् अरु मास् भन ।
वाह्रै मास् अरु पक्ष पर्व दिनको एकत्र जम्मा गरी
सोह्रै भाग् पुरुषोत्तमै सँग हुंदा पुग्दैन यस्कासरि ॥७८॥

साधन् छन् जति वेदमा ति त सबै त्यो धर्म जम्मा जति
सोह्रै भाग्विच एक भाग् सम हुनै सक्दैन यै मास् अति ।
वर्षै बाह्र हजार वर्ष सब दिन् स्नान् गर्नु गङ्गामहाँ
स्नान् गोदावरि सिम्हमा गुरु छँदा हुँदैन तुल्यै यहाँ ॥७९॥

गर्छन् श्री पुरुषोत्तमै प्रिय अति श्रीकृष्णजीले पनि
इच्छा सिद्धि हुनेछ सेवन गरे पाप् नाश होला अनि ।
राजा थे अघि अम्बरीस् मकन त्यो छाडे सुदर्शन् तब
श्रीमन्तं पुरषोत्तमैकन भजी फर्क्यो सुदर्शन् अब ॥८०॥

दुर्वासा ऋषिको कुरा सुनि सकी ती बालिकाले किन
चैत्रादि अरु बार मासहरु छन् ती उत्तमै फल् दिन ।
शङ्कर् पार्वति रामजानकि गणेश् छन् अम्बिकादीहरु
गर्दा सेवन सब् यि देवहरुले दिन्नन् कि वर्दान् अरु ॥८१॥

सङ्क्रान्ती छ असूर्य शुद्ध नहुने यो मास यस्तो भनी
श्रेष्ठै हो अधिमास् भनेर अहिले भन्नु भएको अनि ।
मित्रै पुत्रि र बाल भाव् बुझिलिए श्रापै गरेनन् अब
स्वस्ति यत्ति भनेर झट् ऋषि गए ती बद्रि धामै तब ॥८२॥

केही बेर विचार् गरेर मनले ती बालिकाले पनि
द्यौताका विच श्रेष्ठ छन् शिव भनी गर्थिन् तपस्या अनि ।
यस्तो निश्चय मन् गरेर झटपट् ती बालिकाले तहाँ
नन्दी भृङ्गि निसेवि पाँच मुखका सम्झेर शङ्कर् वहाँ ॥८३॥

जेठ् आषाढ् तिरमा वरीपरि नजिक् बालेर आगो अनि
सम्झी शङ्करलाई फेरि मनले गर्थिन् तपस्या यिनी ।
मङ्सीर्देखि लिएर फागुन तलक् त्यो पानिमा गैकन
गर्थिन् खूब् दृढ तप् ति देखिन गइन् मुख्ता कमल् झैं पुनः ॥८४॥

चिन्ता इन्द्रजिमा महर्षिहरुमा यो तप् प्रशंसा भए
नौ हजार् यदि वर्ष पूर्ण हुन गो शङ्करजि साम्ने गए ।
गुप्ती रुप्कन देखि शङ्करजिको ती बालिका खुब् रमिन्
घाम् पानी शित ताप् कृशाङ्गि अति नै झट् रिष्टपुष्टै भइन् ॥८५॥

मानस्का उपचारले गरि पुजा गर्दै प्रणाम् त्यो घरी
लागिन् ती स्तुति गर्न शङ्करजिको अक्कल् मनैमा धरी ।
हे शम्भो ! शिव ! प्राणनाथ ! प्रभुहौ हे पार्वतीका पति !
चन्द्रै सूर्य र अग्नि नेत्र जसको गर्छु नमस्कार् अति ॥८६॥

सन्सार्मा जति पाप तापहरुले पीडित् भएका जन
आएका शरणार्थि नारिनरको कल्याण गर्ने पुनः ।
राज् पत्नी ति अलर्कलाई प्रभुले मर्दा बचाऊ गरी
दक्षैको पनि यज्ञ ध्वंश गरि यो सेखी सबै शान् हरि ॥८७॥

हे मृत्युञ्जय ! भक्त माथि करुणा राख्ने दयालु बनी
बारम्बार् गरि दण्डवत् पति मिलोस् वर्दान पाऊँ भनी ।
हे शम्भो ! पति पाउँ पाउँ पति औ पाँच् बार यस्तै अब
बोलिन् आतुर हड्बडै गरि अनि भन्छन् ति शम्भू तब ॥८८॥

हे बाले ! तिमिले भन्यौ जति यहाँ पाँच्बार सम्मन् गनी
होला तेहि तथास्तु पाँच पति औ वर्दान पायौ भनी ।
यस्तो श्रीशिवको कुरा सुनि सकी ती बालिकाले अब
लोक्लज्जा मनमा विचार गरि क्यै यो भन्न लागिन् सब ॥८९॥

सन्सार्मा जति नारि छन् ति सबको यौटै हुने हो पति
एक् नारी विच पाँच् पती हुनु त यो हूँदैन यस्तो स्थिति ।
यस्तो बात कुमारिको सुनि सकी भन्छन् ति शङ्कर् अनि
शूरा सत्य पराक्रमी स्वगुणका राज्वंश गुण्का धनी ॥९०॥

गर्ने यज्ञ जितेन्द्रियै भयि सदा तिम्रो अधिन्मा रही
अर्को जन्म हुँदा अयोनिज तिमी जन्मेर यस्तो भयी ।
प्यारो श्री पुरुषोत्तमै प्रभुजिले सर्वस्व सुम्पीकन
राखेको अधिमासलाई तिमिले निन्दा गरेको किन ॥९१॥

सन्सार्मा पुरुषोत्तमै भनि पुकार् गर्छन् सबैले पनि
आदर् भाव् गरि नौ र पाँच् पति हुनन् तिम्रो ति भर्ता भनी ।
अन्तर्ध्यान् हुनुभो सदा शिव तहाँ वर्दान यस्तो गरी
अग्नीताप हुँदा त वैलिरहने पत्ता हरियो सरी ॥९२॥

शोकाग्नी बलिदेह त्यो जलिगयो विद्युत् सरी भैकन
यज्ञैसेन् नरराज यज्ञ विच गै भो जन्म यिन्को पुनः ।
यिन्को कान्ति थियो सुवर्णसरिको पुत्री द्रुपद्की भयी
नाम् हो द्रौपदि मत्स्य बेध् गरि लिए अर्जुन्जि ताँही गयी ॥९३॥

भीष्मै कर्ण समूहका नृपतिको सारा हटाइकंन
दुःशासन् खलले ठुलो दुःख दियो वस्त्रै हरण्मा पुनः ।
सारा दुःख् पुरुषोत्तमैकन पनि निन्दा गरेकी थियौ
त्यस्कै कारण यस् वखत्वखत्मा यो दुःख भोग्दी भयौ ॥९४॥

मैना यो पुरुषोत्तमैकन पनी गर्ने तिरस्कार् कन
निन्दा हेलन गर्छ जस्कन पतन् गर्ने छु मैले भन ।
आगामी पुरुषोत्तमैकन पनि आराधना खुब् गरी
कल्याण् हुन्छ अवश्य फेरि यसमा यो चौध वर्षै टरी ॥९५॥

जस्ले हे महाराज् युधिष्ठिर अघि यी द्रौपदीजीकन
केश् पक्रीकन हेर्दथे ति जति को गर्ने छु नाशै भन ।
राजा सब् ति सुयोधनादि यमलोक् पौंचाइ फेरि तहाँ
राजा भैकन राज्य भोग् गरिलिनु क्यै दिन् पछाडिमहाँ ॥९६॥

लक्ष्मी मात्रि पिता र फेरि बलराम् प्रद्युम्न आदि अरु
यी भन्दा बढि हुन्छ सब् दिन ममा प्यारा ति भक्तैहरु ।
पैल्है जन्म हुँदा ति द्रौपदीजीको यस्तो थियो यों अनि
पाञ्चाली सब पाँच पाण्डवमहाँ यो मास यस्तो भनी ॥९७॥

यो वृतान्त सुनाइ कृष्ण भगवान् द्वारावतिपुर्महाँ
जाने निश्चय गर्नुभो र सबले भन्छन् ति पाण्डव् तहाँ ।
जीवन् छैन जसोरी मत्स्यहरुको पानी विना सब् दिन
उस्तै छौं प्रभुदेखि भिन्न रहँदा त्याग्दा पनि लौ पुनः ॥९८॥

विर्सन्नौ प्रभुलाई हामिहरुले फुल्मा भ्रमर्का सरी
गर्छौं मन्मन प्रार्थना प्रभु पनि कैल्है नबिर्से हरि ।
पाञ्चाली अनि पाँच पाण्डवमहाँ श्रीकृष्ण नारायण
येती वात गरेर फर्कनुभयो द्वारावतीमा पुनः ॥९९॥

आयो मास् पुरुषोत्तमै जब तहाँ ती पाण्डु नन्दन् पनि
सारा तीर्थ घुमेर फेरि विधिवत् पूजा गरी खुब् अनि ।
यस्तो मास महात्म्य यो यति भनी एक् कोटि कल्पै भरी
यस्ता श्री पुरुषोत्तमैकन पनि को सक्छ वर्णन् गरी ॥१००॥

राजा थे दृढ धन्वका अति गुणी ती सूर्य वंशैमहाँ
सेवा श्री पुरुषोत्तमैकन गरी ऐश्वर्य भोग्थे यहाँ ।
योगेश्वर्जनलाई पाउन कठिन् गोलोक धाम् त्यो कन
सेवाले दृढ धन्वलाइ मिलिगो त्यो अव्ययै पद् पुनः ॥१०१॥

पौराणीक् सुतदेखि यो सब कुरा सूनेर शौनक् मुनि
राजा श्री दृढधन्वको हुन गए साम्राज्यको भोग् पनि ।
रानी फेरि पतीव्रतासँग रही पुत्रादि सुख् भोग् गरी
भोगी अन्त्यहुँदा परम् पदमहाँ पुग्दा भए के गरी ॥१०२॥

सोधे शौनकले यसैगरि अनि श्री सूत भन्छन् अब
गङ्गाजल् सरि पुण्य पावन कथा पाप् नाश गर्ने सब ।
नारायण् नर बद्रिमा बसि अनि नारद्जिलाई पनि
जे जे भन्नुभयो म भन्छु सुनि त्यौ मन्साव धानी वनी ॥१०३॥

सूर्य वंशमा जन्मिएका दृढधन्व राजाको कथा

राजा हैहय देशमा अति गुणी नाम् चित्र धर्मै थिए
श्रीमान् सत्य पराक्रमी गुणि हुँदा सारा प्रजा खुश् भए ।
छोरा श्री दृढधन्व नाम यिनको त्यो सूर्य वंशैमहाँ
सारा गुण् परिपुर्ण जन्मन गए यिन्लाई पुत्रै तहाँ ॥१०४॥

ब्याकर्णै अनि चार वेद् सकल त्यो एक् वार सुन्दा पनि
त्यो सब् ज्ञान् हुनगो र साथ गुरुको मागी विदा झट् अनि ।
आदर्साथ् गुरु दक्षिणा गरि अनी फर्की सहर्मा गए
पीताजी पुरवासि जन्हरु सबै आनन्द मान्दा भए ॥१०५॥

छोराको प्रगति प्रभाव सब त्यो आनन्द मानीकन
यो सन्सार असार् बुझेर मनले ती चित्र धर्मै पुनः ।
हाँसीला मुख स्वच्छ शान्त हरिको आराधना गर्दछु
श्रीकृष्णै भजि पाप ताप भवको सारा म त्यो हर्दछु ॥१०६॥

शर्याती ध्रुव अम्बरिस् ति भगिरथ् जोरन्ति देवै अरु
दुष्यन्तै र भरत् शिवी पृथु अनि प्रल्हाद् विभीषण्हरु ।
सारा भोग् भुमिको गरीकन ति सब् नाम् मात्र छाडीकन
नित्यै छाडी अनित्यमा म पनि औ लाग्ने कसोरी पुनः ॥१०७॥

आराधन् पुरुषोत्तमै गरी अनि पत्नी र पुत्रै सब
माया वन्धन तोडि गर्छु तप लौ भन्ने मनैभो अब ।
राज्यैको सब भार पुत्रकन त्यो सुम्पेर चाँडो अनि
तप् गर्छू भनि चित्र धर्म पुलहा श्रम्मा पुगेथे पनि ॥१०८॥

केही काल् तपमा तपेर मनले श्रीकृष्ण सम्झीकन
त्यागे देह पुगे तुरुन्त हरिधाम् मुक्ति भएथे पुनः ।
राजा श्री दृढधन्वले गरिलिए सब् और्ध्व दैहिक्हरु
शास्त्रैका निति पूर्वकै गरिलिए राज्काज कामै अरु ॥१०९॥

पुष्कर् वर्त नगर् शुशोभित थियो वस्थे ति राजा तहाँ
रानी श्रीगुण सुन्दरी पतिव्रता लिएर साथै महाँ ।
चार् छोरा अनि एक पुत्रि यिनमा जन्मे क्रमैले अव
श्रीमान् रुप्गुणका प्रतापि वलवान् सुन्दर् थिए ती सब ॥११०॥

राजा श्री दृढधन्वमा गुण थियो सुन्दर् कति हो कति
छाती पुष्ट विशाल वाहु यिनको पुग्छन् घुँडातक् झुकी ।
सागर् तुल्य गभीर् क्षमा पृथिविकै एक् पत्नीमा राम्सरी
कार्तेवीर्य समान् थिए यि गुणमा सत्धर्म राम्रो गरी ॥१११॥

रात्रीभर् ननिदाई चिन्तित थिए राजा पछी क्यै दिन
राज्यै वैभव सन्तती सब यहाँ आए कसोरी हुन ।
जीवन्मा गरिने ति सव् व्रतहरु दान् धर्म सारा पनि
कुन् कर्मै गरिँदा यती हुन गए के गर्नु पर्ला भनी ॥११२॥

ऊठी ब्रह्म मुहूर्त पारिकन त्यो स्नान् तर्पणादी गरी
सूर्यार्घे गरि दान विप्रहरुमा सम्भेर दिन्दिन् हरी ।
राजा श्री दृढधन्वले यति गरी खेल्छु शिकारै भंनी
जङ्गल्तर्फ चढेर अश्व उ वखत् जाँदा भएथे अनि ॥११३॥

मारे जङ्गलमा बँदेल् मृग अनि धेरै खरायो गयी
वाण् हाने मृगलाई घायल भयो भाग्यो विपत्ता भयी ।
भागेको उहि रक्तपात् पछि पछी राजा गए थे जब
भाग्यो गुप्त भएर पानि पिउने इच्छा भएथ्यो तब ॥११४॥

राम्रो पानि जलासयैं अति असल् देखेर राजा अनि
तेजी अश्व लगेर वृक्ष वरको वाँधे जरामा पनि ।
जल्पान् तृप्त गरेर सोहि वरको बस्थे छहारीमहाँ
बोल्यो मानवतुल्य सुन्दर वचन् क्वै एक् सुगाले तहाँ ॥११५॥

देखीए जति सूख भूतलमहाँ आनन्द होला भनी
चिन्ता तत्व तरफ् फिरेनछ भने को पार हुन्थे अनि ।
बारम्बार् यहि श्लोक् पढेर रहने त्यो कीर पक्षी अब
सुन्दा हर्ष र मुग्द खुब्सित भए सुनेर राजा तब ॥११६॥

सन्सार् सागरमा भुलेर रहने मै मूर्ख जानीकन
भक्तै कृष्णजिको भएर शुक यो आयो कि लौ यो पुनः ।
यस्तै तर्क वितर्कका विच महाँ सेनादि जम्मा भए
सेना श्रीदृढधन्व फर्कि उ वखत् आफ्नापुरीमा गए ॥११७॥

निद्रा भोक् सब त्यागि ती नृपति लौ बोल्दै नबोलीकन
रानी श्री गुणसुन्दरी विनयले यो विन्ति गर्थिन् पुन : ।
उठ्नोस् लौ सबका प्रजापति प्रभो दौर्भाग्य मन्मा किन
राज्काज्को सब भार् प्रजाकन पनी आनन्द पर्ला लिन ।११८॥

रानीले यहि रीतका अरुकुरा धेरै गरे ता पनि
बोल्दै केहि नबोलि धेर् दिन रहे राजा हठी नै बनी ।
चिन्ता आतुर मन् गरेर रहने यी दृढधन्वाकन
वाल्मीकि ऋषि पाल्नुभो महलमा राम् नाम जप्दै पुनः ॥११९॥

देखी दण्डवतै गरी चरणमा भक्ती मनैले गरी
पाद्यार्धे अनि पूजनै गरिलिए श्रेष्ठाशनैमा धरी ।
राजाश्री दृढधन्व नम्र स्वरमा यो बिन्ति गर्छन्अब
मेरो भाग्य सफल् भयो हजुरको दर्शन् हुनाले सब ॥१२०॥

पूर्वज् देखि लिएर जे. जति भए सब् धर्म कर्मै पनि
आजैका दिनमा सफल् जति भए धर्मादि मेरो अनि ।
राजाको सुनि बात वाल्मिकि अनी भन्नुभयो यो अब
चिन्तातुर् किन हो भएर रहने भन्नु हवस् त्यो सब ॥१२१॥

वाल्मीकी ऋषिको कुरा सुनि सकी भन्छन् ति राजा पनि
पाऊरुपि कमल् कृपा हुन गयी सब् सुख् छ मेरो भनि ।
यौटा बात परन्तु शङ्कित हुँदा पिर् मान्छु मन्मा अति
टाठो जङ्गलको सुगा वचनले चिन्ता छ मन्मा कति ॥१२२॥

सांसारिक् सुखमा भुलेर रहँदा मूल् तत्व बिर्सीकन
चिन्ता केहि भएन त्यस्कन भने को पार तर्ला भन ।
चार् छोरा सति रानी अश्वहरु सव् ऐश्वर्य आदि पनि
कस्तो पुण्य गरेर यो हुन गए त्यो सुन्न पाऊँ भनी ॥१२३॥

वाल्मिकि ऋषि द्वारा दृढधन्वको पूर्वजन्म सुदेव दम्पती कथा

प्रश्नै श्री दृढधन्वको सुनि सकी वाल्मिकी नाम्का सुनि
पुरा एक मुहुर्त ध्यान् गरी लिए सब् त्यो मनैमा गुनी ।
पूर्वै जन्म हुदाँ द्रविण् छ भनिने त्यो देशमा गैंकन
ताम्रैपर्णि नदी निकट् बसि रह्यौ ब्राह्मण् सुदेव् भैकन ॥१२४॥

पत्नी शीलवती यी गौतमी थिइन् साथै यिनैको गरि
अग्नी होत्र ति यज्ञ सव् गरिलियौ तन्मन् हरिमा धरि ।
गृहस्थाश्रम धर्ममा स्थिर हुँदा धेर् काल बित्दै गयो
सन्तान् क्यै नहुँदा सुदेव्कन पनि मन् खिन्न साह्रै भयो ॥१२५॥

भन्छन् गौतमीलाई सुन्दरी ! सबै पुत्रादीको सुख् यहाँ
लोकान्तर् सुख पुण्य दान तप औ होला र हाम्रो कहाँ ।
शुद्धै वंशमहाँ छ पुत्र जसको यो लोक अर्को दुवै
कल्याण् हुन्छ भएन पुत्र जसको त्यो हुन्छ शुन्यै सबै ॥१२६॥

पुत्रै लालन वेद् पढाउनु अनि जो कर्म वैवाहिक
मेरो जन्म सबै वृथा हुन गयो के गर्नु मैले अब ।
स्वामीको बुझी भाव ताप मनको जानेर ती गौतमी
हे प्राणेश्वर खिन्न पारि मन यो चिन्ता लिएको भनि ॥१२७॥

पुत्रैबाट हुने छ सुख सब यो भन्नुभयो यो अब
ताप् गर्थे अघि चित्र केतु नृपति त्यै पुत्र शोक्ले तब ।
नारद् औ अनि अङ्गिरा मुनिहरु आएर साम्ने यहाँ
देखाए अनि सत्य मार्ग नृपमा शान्ती मिलेथ्यो तहाँ ॥१२८॥

देख्दा कृत्य कुकर्म वेन् नृपतिको ती अङ्ग राजाकन
रात्रीका बिच जङ्गलै तिर गए शान्ती सुरक्षा लिन ।
कर्दम्ले तप गर्दथे कपिलजि जन्मेर छोरा भई
आमालाई बताउँनु पनि भयो योग् साङ्ख्य सब् त्यो गई ॥१२९॥

गर्नैपर्छ तपस् हुने छ सबथोक् कर्मै ठुलो हो सब
मिल्छन् कर्म गरेर मात्र यसमा कर्मै छ श्रेष्ठै अब ।
प्यारीको सुनी बात खुसी मनले चाडोँ गरी गैकन
ताम्रैपर्णि नदितटैं बिच बसि गर्छन् तपस्या पुनः ॥१३०॥

सुख्खा पात् जल पान मात्र पनि ती पाँचपाँच् दिनैमा गरी
बर्षै चार हजार् बित्यो तपमहाँ पत्नी सगैं साथ् धरी ।
तिन्को त्यो तपले त्रिलोक भरि नै कम्पायमानै भयो
वर्दान् दिन्छु भनि चढि गरुढमा श्री विष्णु पाल्नुभयो ॥१३१॥

साम्नेमा हरीलाई दम्पती दुबै देखेर हर्षीत् बनी
हात् जोडी अति नम्र भै स्तुती पुकार् गर्थे सुदेव्ले पनि ।
तिन्लोक्मा अभयै प्रदान गरिने दाता सबैका हरी
द्यौताका अधि देव् प्रशन्न हुनुहोस् पर्छू शरण् यो घरी ॥१३२॥

चैतन्यै सबको चराचर जगत् साक्षी स्वरुप् भैकन
उत्पन्नै स्थिति नाश कारण प्रभु ! गर्छु नमस्कार् पुनः ।
यस्तै धेर् स्तुति गर्दथे खुशी हुदै सुदेंव् अगाडि तहाँ
भन्नुभो वर माग वस्तु अहिले इच्छा छ के लौ यहाँ ॥१३३॥

यस्ता श्री हरीको कुरा सुनि सकी भन्छन् सुदेव् लौ अब
पुत्रै पाउँ असल् गृहस्थ पनि लौ शुन्यै छ मेरो सब ।
यस्तो बात सुदेवको सुनि सकी भन्दा भए श्री हरी
सात् जन्मैतक छैन पुत्र सुख औ दिन्छु म लौ के गरी ॥१३४॥

लेखेको विधिको विधानभरिमा देखिन्न पुत्रै अनि
वाक्यै श्रीहरिबाट बज्रसरिको सुन्दा ति मुर्छित् बनी ।
मुल्को छिन्न हुदा त ढल्छ जसरी वृक्षै उसै रित् गरी
भैमा गिर्न गए उठाउन गयिन् झट् गौतमी त्यो धरी ॥१३५॥

हे प्राणेश्वर खिन्न पार्नु मन यो सूर्ता गरेको किन
दिन्छन् जो विधिले जती छ त्यति नै त्यै पर्छ हाम्ले लिन ।
यज्ञै दान् तप ब्रत् र सत्य यिनमा श्रेष्ठै हरी सेवन
बेद् शास्त्रैहरु भन्दछन् सम हुदाँ हुनेछ भाग्यै पुनः ॥१३६॥

दम्पत्ती द्विजका कुराहरु सबै सुन्थे गरुड्जी सब
लागे श्री हरिलाई भन्न यि कुरा पुत्रै दिनुहोस् अब ।
दु :खीको दु :खलाई नाश् गरिदिने हे दीनवन्धो हरि
भक्तैलाइ दिने चतुर्विधि गति छैनन् कि लौ यो घरी ॥१३७॥

उत्तम् वैभव यी सबै दिनुभयो मित्रै सुदामा कन
मृतक् पुत्र पनी दिलाउनुभयो सान्दी पिनीयीन्कन ।
यस्तो बात गरुड्जिको सुनिसकी भन्छन् रमाका पति
इच्छा जे मनमा छ त्यो गरिलिनु सन्तोष् म मान्छु अति ॥१३८॥

आज्ञा श्रीहरिको हुँदा उहि बखत् भन्छन् गरुड्ले पनि
निष्काम् कर्म सदैव गर्नु तप यो छौ धन्यवान् है भनी ।
क्षण्मै भङ्गुर हुन्छ मानव शरीर् जल्का ति फोका सरी
ठूलो कष्ट गरेर तप् गरिलिनु धन्यै छ सन्सार भरी ॥१३९॥

होला पुत्र अवश्य शान्ति लिनुहोस् भन्थे गरुड्ले अनि
तत्कालै हरि जानुभो गरुडमा वैकुण्ठ धामै पनि ।
दम्पत्ती द्विजमा मिल्यो वर अनि गार्हस्थ जीवन् महाँ
बस्थे गौतमि गर्भिणी हुन गइन् वर्का प्रभाव्ले तहाँ ॥१४०॥

प्राप्तै भो दश मास बालक अनी पैदा भएथ्यो जब
जन्मे पुत्र सुदेवको भनि सबै खुब् हर्ष मान्थे तब ।
विद्वान् ब्राह्मण सव् बसेर विधिवत् दान्हरु धेरै गरे
बर्दान् दी तिं सुपर्णले र शुकदेव नाम् बालकैको धरे ॥१४१॥

बाबूका मनमा मनोरथ पुरा आनन्द आँमाकन
शुक्लै पक्ष भएर चन्द्र जसरी बढ्थे क्रमैले पुनः ।
संस्कार् वैदिकबाट भो उपनयन् ब्रत् ब्रह्मचर्यै गरी
बेद् पढ्थे गुरुसाथ तेज यिनमा थियो कि सूर्यै सरी ॥१४२॥

आश्रम्मा ति सुदेवका ऋषि ठुला देवल् पुगे क्यै दिन
पाद्यार्घै गरि आसनै विच लगीराख्थे सुदेव्ले पुनः ।
तत्काल् देबलको त पाउ शुकदेव् न्यूरेर ढोग्थे अब
सारा लक्षण हेरी देवल ऋषी यो भन्न लागे सब ॥१४३॥

दुर्लभ् सुन्दर पुत्र पाउनु पनि खुशी हुनुभो हरि
बेदाध्यायन बुद्धिसागर चतुर्कोछन् यिनैका सरी ।
छत्रै चामर हातमा यब कमल् गोलो शरीर् भैकन
हात्ती सूँढ समान बाहु दुइ नै जान्छन् घुँडातक् पुनः ॥१४४॥

घाँटी शङ्खसरी छ पुष्ट अति नै छाती भएको अनि
सर्वत्रै परिपूर्ण गुण् हुन गयी यौटा छ दोषै भनी ।
भन्थे देवलजी उसै बखतमा यो बात रोकीकन
पैले आयु बताई लक्षण पछी भन्नोस् मलाई पुनः ॥१४५॥

आयू नै नभए कुमारहरुको के काम् र लक्षण् यहाँ
बाह्रै वर्ष उमेर् सुदेव तनयाँ हुदा अवश्यै तहाँ ।
पानीमा गयि मृत्यु हुन्छ यिनको क्यै शोक् नगर्नू अनि
यो हो सव् विधिको विधान पनि त्यो को रोक्न सक्ला भनी ॥१४६॥

येती बात भेनेर देवलमुनी उठेर चाडो गए
सम्झी ती ऋषिको कुरा अब सुदेव् मूर्छा तुरुन्तै भए ।
काख्मा पुत्र लिएर गौतमि पनी भन्छिन् सुदेव् जीकन
भावी ताप् सब छाडि बक्सनुहवस् हे स्वामिराज् लौ पुनः ॥१४७॥

हूने जो छ कुरो नभैकन पनि छाड्दैन केही गरी
राम् नल् पाण्डव आदिले दु :ख सहे भावी कुरा खेल्परी ।
बन्धन्मा बलि पर्नु मृत्यु हुनमा राक्षस् हिरण्यै छ जो
कार्तैवीर्य शिरै छ काटिनु पनि सब् भाविकै खेल् न हो ॥१४८॥

रावण् बृत्र परीक्षितै पनि यहाँ को हुन्छ यिन्का सरी
काटीए शिर भाविकै खटनले रोक्ला र को के गरी ।
को छन् राम् सरि मानवै जगतमा जान्थे बनैमा पनि
हर्दा रावणले सिते !भनि भनी अत्यन्त दुःखी बनी ॥१४९॥

यो सब् भावि विचार् गरेर मनमा हे नाथ ! शान्ती लिनोस्
निर्वाण् जो पदका सनातन हरी सम्झी मनैमा दिनोस् ।
प्यारीको यति शान्तिशीतल बचन् सूने सुदेव्ले अनि
धैर्यै धारणले क्रमैसँग बिते आए जती दिन् पनि ॥१५०॥

फल् कुश् औ समिधा लिनाकन भनी बन्मा सुदेव्जी गए
साथी ती सुकदेव् कुमार ऋषिका ती खेल्न जाँदा भए ।
गैरो पोखरिमा गएर ति सबै एक्देखि अर्को गरी
छेप्दै पानि ति खेल्दथे सबजना आनन्द मन्मा धरी ॥१५१॥

गर्मी मौसम ग्रीष्मको ऋतु हुँदा खेल्थे खुशी भै तँहा
खेल्दा निर्भय हुन्छ जस्कन पनि जित् भो उसैको यहाँ ।
छोलान् जित्छु म लौ यि साथिकन सब् भन्ने विचार्ले गरी
दौडे खुब्सित पानि पूर्ण जलले थियो तलाऊ भरी ॥१५२॥

गैरो ताल हुँदा त निस्कन कठिन् गाह्रै भयो यिन्कन
तत्काल् मृत्यु भएर सब् ऋषि कुमार् भाग्दा भएथे पुनः ।
आमा गौतमिलाई बज्रसरिको यो बात् सुनाए सब
गर्थिन् शोक बिलाप् लडेर भुमिमा आए सुदेव्जी तब ॥१५३॥

तत्काल् दम्पत्ति बापिका नजिकमा दौडेर पुग्दा गए
मृतक् पुत्र उठाइ काखविचमा शोक् गर्न लाग्दा भए ।
मेरो शोक समन् गराउन छिटै हे बाबु ! तिम्ले अब
शोकाग्नी बलि देह यो जलिसक्यो शीतल् गराउ सब ॥१५४॥

वृद्धैछन् यि पिता ति मातृकन लौ पारेर एक्लै किन
त्याग्यौ पुत्र ! मलाई देह जलिगो शीतल् गराऊ पुनः ।
बेद् पढ्ने सब साथिहेरु जति छन् हेरीरहे छन् सब
प्यारो शिश्य भनेर फेरी गुरुले सम्झेर खोज्छन् अब ॥१५५॥

तिम्रो यो गति भै म जान्न घरमा जाने प्रयोजन् किन
छोड्यौ आज मलाई घर्जम सबै जङ्गल सरी भो भन ।
फल्फुल् लीन भनी म जान्न वनमा जाने प्रयोजन् पनि ?
ल्याएको फल गर्छ को प्रिय ! ममा राम्रो नराम्रो भनी ॥१५६॥

मैले निन्दित कर्म केही गरिन क्वै ब्रह्म हत्या तहाँ
छोरो आज मरण् भयो शिव हरे ! दुष्कर्म के भो यहाँ ।
निर्धन् दम्पत्तिको थियो अति प्रियै बालक्स्वरुप् यो धन
हे धाता किन हर्दछौ यसरि लौ क्यै छैन लज्जा भन ॥१५७॥

सारा सुन्दर दृष्य देखुँ अब लौ हे पुत्र ! तिम्रो कहाँ
हे धाता किन हर्दछौ अति कठोर् यो पुत्र मेरो यहाँ ।
वर्षायाम हुँदा सबै यि भुमिमा धान् फल्छ राम्रो गरी
रत्नै हुन्छ पहाडमा हुनगयो मोति समुन्द्रै भरी ॥१५८॥

यस्ती छन् पृथ्वी अमूल्य जगमा मारे र बच्ने कुनै
छैनन् देख्दिन काँहि पुत्र अब लौ आलिङ्गनादि लिनै ।
एक्वार् मात्र म सुन्न पाउ खुशिले राम्रा ति वाणी सब
रुन्छिन् न्याउलि तुल्य भैकन मुमा त्यागेर लज्जा सब ॥१५९॥

माता फेरि पिता दुवैकन दुःखीदेखेर चाँडो यहाँ
बेदाध्यायनका ति बोलि कलिलो सुन्छु र कैल्हे कहाँ ।
श्रीराम्को वनवास् हुँदा त दशरथ् बाँच्नै सकेनन् किन
पुत्रै शोक हुँदा शरीर् जलिसक्यो आऊ विधाता लिन ॥१६०॥

हे गोविन्द मुरारि ! विष्णु ! यदुनाथ् ! हे रुक्मिणी नाथ् ! हरि
पुत्रै शोक् रुप अग्निले जलिसक्यो रक्षा मलाई गरी ।
देवाधीश महेश्वरै जगतका हे स्वामि विश्वम्भर
पुत्रै शोक् रुप अग्निले जलिसक्यो रक्षा मलाई गर ॥१६१॥

हे वैकुण्ठ निवासि ! चर्अचरका मालिक् सबैका घर
पुत्रै शोक् रुप अग्निले जलिगयो रक्षा मलाई गर ।
यै रित्का अरु धेर्ति दम्पत्ति दुवै शोक् ताप खुबै गरी
आयो मेघ बढेर सव् दश दिशा खुब् गर्जँदै त्यो घरी ॥१६२॥

चम्क्यो विद्युत बायु खुब्सित बर्ह्यो वर्षा अती नै भयो
निद्रा भोक तथा कुनै पनि नली एक्मास पूरा गयो ।
सम्झेको अरु केहि छैन हरिनाम् त्यै पुत्र शोक्मा परी
उत्तम् मास् पुरुषोतमै भरि सधैं रुन्थे र भन्थे हरी ॥१६३॥

प्यारो कृष्णजिको नजानिकन मास् पूरा भएथ्यो अनि
बन्माला र किरीट् सुशोभित हरि साम्ने हुनुभो पनि ।
वर्षा हट्न गयो प्रशन्न मनका देखेर साम्ने हरि
भैंमा पुत्र बिसाई दम्पत्ति दुबै न्यूरेर पाउ परी ॥१६४॥

हे श्रीकृष्ण ! शरण् मछु मनमहाँ क्यै छैन चिन्ता अब
यस्तो बात सुदेवको सुनि अनी श्रीकृष्ण भन्छन तब ।
हे ब्राह्मण् अति भाग्यमानि तिमि हौ छौ धन्यवान् है अनि
तिम्रो भाग्य वयान तीन् भुवनमा को गर्न सक्ला भनी ॥१६५॥

आयू वार हजार वर्ष सुतको हूनेछ भन्नुभयो
गन्धर्वै सब देवता अरु पनि भन्लान् कि धन्यै छ यो ।
यस्मा एक् इतिहाँस् म भन्छु सुनिल्यौ पैल्हे भएको यहाँ
मार्कण्डेय मुनी रघुकन अघि यो बात भन्थे तहाँ ॥१६६॥

पैल्हे क्यै धनु नामका मुनि थिए सन्तान् मरी पिर् परि
पाऊँ पुत्र अमर् भनीकन तपे हज्जार वर्षै भरी।
त्यो तप्देखि प्रशन्न भैकन तहाँ द्यौता अगाडि गए
जे इच्छा मनमा छ माग वरदान् दिन्छौँ ती भन्दा भए ॥१६७॥

अमृत् तुल्य बचन् सुनी धनुमुनी द्यौता सबैको अब
पाऊँ पुत्र अमर् विशाल मतिको त्यो शक्तिशाली तब।
त्यो बर्लाई स्विकार् नराखि मुनिको राख्नू निमित्तै भनी
द्यौताको सुनि बात फेरि मुनिले राखे निमित्तै अनि ॥१६८॥

यो पर्वत् अति उच्च श्रृङ्खल ठूलो बस्ने छ जैल्हे तक
आयू होस् तब सम्म पूर्ण उसको पुत्रै दिनू होस् अब।
यो वर्दान दिएर देवहरु सब् फर्केर स्वर्गै गए
जन्म्यो पुत्र छिटै धनूष मुनिको अत्यन्त खुशी भए ॥१६९॥

शुक्लै पक्ष भएर चन्द्र जसरी बढ्थे क्रमैले अब
सोह्रै वर्ष हुँदा ति पुत्रकन लौ भन्थे पिताले तब।
हे बाबू ! ऋषिको नगर्नु अपमान् भन्थे धनूजी जहाँ
आयू भै उ निमित्त मत्त बलियो गर्थ्यो तिरस्कार् तहाँ ॥१७०॥

शालिग्राम पूजा ति माहिष मुनि गर्थे त्यहाँ गैकन
हाँस्दै चञ्चल सब् टिपीकन लग्यो फाल्यो कुवामा पुनः।
कालै रुद्र समान माहिष मुनी चाँडैमरोस् यो भनी
गर्थे श्राप भएन क्यै पनि तहाँ आयु निमित्तै बनी ॥१७१॥

आयू पूर्ण भएर क्यै नहुनगो पुत्रै धनुष्को स्थिति
जाने माहिषले र रोकिकन स्वास् एक् कोटि राँगा जति
स्वासैका गतिले निमित्त हुनु त्यो राँगा पहाडै भरी
धूलो पारिदिए पहाड् पनि सबै नाशै गरे त्यो घरी ॥१७२॥

तत्काल् मृत्यु भयो धनुष्मुनिजिको त्यो पुत्र चाँडो यहाँ
त्यो लास् काखमहाँ लिई धनुमुनी गर्थे विलाप् खुब् तहाँ ।
छोराको उहि लास् जलाउन चिता पार्थे तयार् त्यो घरी
त्यस्कै साथ जली धनुष्मुनि पनी साथै गएथेमरी ॥१७३॥

मिल्छन् पुत्र भनी हठाप्त गरदा कैल्हे हुँदैनन् सुख
पायौ पुत्र गरुड् हठाप्त हुन गै भोग्यौ अनेकौं दुख ।
सुदेव् दम्पति पुत्र येहि शुकदेव् गृहस्थ जीबन् यहाँ
यस् लोक्को सुखभोग अन्त्य हुन गै त्यो ब्रह्मलोकै जहाँ ॥१७४॥

दिव्यै वर्ष हजार भोगि सुख त्यो यै भूमी फर्कीकन
राजा श्री दृढधन्व नाम् कथितले भै चक्रबर्ती पुनः ।
दश् हज्जार्तक वर्ष भोगि सुख फेर् रानी इनै साथ् गरी
राज्काज्को सुखमा भुलेर रहँदा सुन्दर् सुशील् स्वर्धरी ॥१७५॥

छोरा यी शुकदेव् शुगा भइ चरा वर् वृक्षमा गै कन
ज्ञान् होला पछि बाल्मिकीकन पनि मिल्नेछ दर्शन् पुनः ।
सन्देहै मनको मुनीसँग सुनी एकत्व मन्मा धरी
पुग्नेछौ पछि अव्ययै पदमहाँ पत्नीसँगै त्यो घरी ॥१७६॥

यस् रित्का अरु धेर् कुरा द्विजसंगै श्रीविष्णु गर्थे अब
निर्जीब् ब्राह्मण पुत्र सोही घरिमा उठ्यो जुरुक्कै तब ।
येती बात गरेर फेरि हरिले भन्नुभयो यो अनि
जान्दै केही नजानि सेबन गर्‍यौ यो मास पूरा भनी ॥१७७॥

मासै श्री पुरुषोत्तमै भरिसदैं जो गर्दछन् सेवन
त्यस्ले पाप अनन्त भष्म गरि सब् जानेछ गोलोक् भन ।
एक् मैना उपवास् त्रिकाल गरि स्नान् सम्झेर दिन्दिन् हरि
येत्ती धर्म तपाइँको भनि प्रमाण् को सक्छ वर्णन् गरी ॥१७८॥

जान्दै केही नजानि जानि अथवा सम्झेर श्रीकृष्णको
स्नान् दान् जप् उपवास् गरे यदि भने मानिस मुक्ति भयो ।
बेदैमा जति धर्म कर्महरु छन् एकत्र जम्मा गरी
धर्में श्री पुरुषोत्तमैसँग गरी जोख्थे तराजु धरी ॥१७९॥

भारी मास् पुरुषोत्तमै अति हुँदा ती धर्मदेखि सब
ब्रह्मादि सब देवता चकित भै आश्चर्य मान्थे तब ।
नर्नारी भयि जन्मिएर भुमिमा स्नान् दान जप् पूजन
गर्दैनन् जन जो हुनेछ अब लौ दुःखी दरिद्री भन ॥१८०॥

प्यारो मान्छु म मास यो अरु कति यो मास श्रेष्ठैअति
सेवा श्री पुरुषोत्तमै गरिलिने हुनेछ श्रेष्ठै कति ।
येत्ती बात भनी चढी गरुडमा श्रीविष्णु जाँदा भए
पूर्वे जन्म हुँदा थियो जति कुरा सुनेर राजा रहे ॥१८१॥

बाल्मीकि ऋषि भन्नुहन्छ नृपराज् हे दृढधन्वा अब
पुत्रै हो अघि जन्ममा उ शुकदेव् ज्ञान् दीन आयो सब ।
रानी श्री गुण सुन्दरी अघि थिइन् यी गौतमी भैकन
साथैमा सँगिनी भएर अहिले आयीरहिछन् पुनः ॥१८२॥

पुम्नाम्को नरकै उतार्छ जसले हो पुत्र नामै पनि
उद्धार् पितृ गराउनाकन चरो बोले चतूरो बनी ।
हे राजन् मनमा थियो जति कुरा शङ्का भएको सब
विस्तार वर्णन भो म जान्छु सरयू पाप् नाश होला अब ॥१८३॥

राजा ती दृढधन्वले सब कुरा सुनेर फेरी पनि
मासै श्री पुरुषोत्तमै ब्रत विधि गर्ने कसोरी भनी ।
पूजा दान् व्रतको विधान कसरी के गर्नु पर्ला अब
हित् गर्ने सवलोकको हजुर भ्रैँ पाऊँ र को लौ अब ॥१८४॥

साक्षात् श्री पुरुषोत्तमै प्रभु हरि ! जाने सबै यो पनि
पूर्वै जन्म हुँदा भयो जति कुरा बिर्सैं सबै त्यो अनि ।
राजाश्री दृढधन्वका सुनि कुरा वाल्मीकि भन्छन् अब
ब्यूँभ्री ब्रह्म मुहूर्तमा गरिलिनू ध्यान् ब्रह्मको लौ सब ॥१८५॥

उत्तर्मुख् दिनमा र रात बीचमा मुख् दक्षिणै भैकन
गर्नुपर्छ दिशा पिसाव पनि औ मौनी भई जन् पुनः ।
माटो शुद्ध लिएर गर्नु र सुची हात् पाउ गुप्ताङ्गको
यो सब् कर्म विचार् गरीकन गरोस् गृहस्थिको कर्म हो ॥१८६॥

तीर्थै जल्विच शौच शुद्धि कहिल्यै हुँदैन गर्नाकन
भाँडामा जल राखि क्यै पर गई शुद्धै गरोस् त्यो जन ।
त्यो ठाऊँ पनि जल् पखालिकन त्यो शुद्धै गराई दिनू
दीशा होस् अथवा पिशाव गरदा आठ् बार कुल्ला लिनू ॥१८७॥

आँखा औ जलले पखालिकन फेर् त्यो दन्तकाष्ठैकन
आयू बल् पशु तेज कीर्ति र प्रजा ज्ञान् बुद्धि पाऊँ भन ।
यै रित्को गरि प्रार्थना र दतिवन् अङ्गुष्ठ तुल्यै लिनू
मुख्को शुद्धि निमित्त बाह्र पटकै कुल्ला गराई दिनु ॥१८८॥

दन्तै धावन छाड्नु पर्छ रविवार् स्नान् गर्नु चाँडो अब
चौताको अनि तीर्थदेवहरुको तर्पण् दिनू लौ तब ।
जान्छन् जुन् नदि वेगले बगि अनि मिल्छन् समुद्रै महाँ
स्नान् गर्दा अति उत्तमै हुनगयो मध्यम् छ कूवा तहाँ ॥१८९॥

सामान्यै हुन जान्छ स्नान घरको गार्हस्थलाई पनि
शुद्धै वस्त्र लगाइ आसन महाँ बस्नू खुशीले अनि ।
शुद्धै ठाउँ पवित्र भूमि अथवा पूर्वोत्तरै मुख् धरोस्
अन्तर्जानु भुजा छ आच्मन गरी त्यो बद्ध शीखा गरोस् ॥१९०॥

धारण् गर्नु ललाटमा तिलकको औ गोपि चन्दन्कन
त्रीपुण्डै गरिलाउ लाउ अथवा त्यो उर्ध्व पुण्ड्रै भन ।
त्रीपुण्ड्रै यदि धारणा गरिलिए शङ्कर् सहित् पार्वती
पूजा पाठ् जप आदि कर्महरुको फल् मिल्छ धेरै कति ॥१९१॥

उर्ध्वैपुण्ड्र ललाटमा धरिलिँदा लक्ष्मी सहित् श्रीहरि
मध्येछिद्र भए निवास गरनन् आनन्द मन्ले गरी ।
लाऊ चन्दन छिद्र पारिकन त्यो कल्याण होला कति
कुक्कुर् पाउ हुनेछ छिद्र नभए फल्छैन यस्मा रति ॥१९२॥

सेतो चन्दन ज्ञान हुन्छ नरमा रातो सबै वस् हुनन्
गर्दा धारणा पीतमिल्छ सवथोक् ऐश्वर्य सारा दिनन् ।
गोपी चन्दन शङ्खचक्रहरुको चिन्है शरिर्मा छ जो
त्यस्तालाइ नभन्नु मानिस हरितुल्यै सरीको छ त्यो ॥१९३॥

आयुध् श्रीहरिको धरे शरिरमा देखेर भाग्छन् यम
कोटी पाप शरीरमा छ तपनी हुने छ सारा सम ।
ताराहेरु छदै गरोस विधिवत् सन्ध्या छ राम्रो पनि
प्राणायम् जप पाठ् सबै गरिलिनू उत्तम छ धेरै भनी ॥१९४॥

सन्ध्या ब्राह्मण भै गरेछ जसले तिन्लोकमा गैकन
जे चाहृयो उहि पाउनन् सुख लिनन् आनन्दताले पुनः ।
पूर्वै भाग् दिनमा गरिन्छ जति त्यो कर्मै गरी त्यो घरी
गाईको लगि गोबरै लिपि अनी संस्कार भूको गरी ॥१९५॥

बेदीमा पनि अष्ट दल् अनिकलश् राम्रो गराई अनि
सुन्चाँदी तर ताम्रपात्र अथवा माटो भएता पनि ।
हैसीयत् अनुसार् तयार् गरि कलश् धोऊ र मैला नहोस्
कर्ता आसनदेखि मण्डप उपर् पूर्वोत्तरै मुख् धरोस् ॥१९६॥

विष्णु छन् मुखमा र घाँटिविचमा श्री रुद्र आई बसून्
ब्रह्मा छन् मुलमा र मध्यतहमा ग्रीवाविशे मात्रिगण् ।
कावेरी र सरस्वती अनि भइन् गङ्गा र गोदावरी
पाप् नाश्कारिणि ! शान्तिदायिनि ! ममा सब् दुख् दिनुहोस् हरी ॥१९७॥

आह्वानै यसरी गरी कलशको तीर्थादिको जल् पनि
न्यूरी शान्त भई दिनू ति उपहार खुब् दीनभाव्ले अनी ।
मण्डप्माथि कलश्, कलश्उपरमा त्यो ताम्र थाली धरी
राधा श्री पुरुषोत्तमै सहितको सुन्को प्रतीमा गरी ॥१९८॥

ध्यान् आबाहन पूजनादि उपहार् गर्दै समर्पण् पनि
भक्तीभाव लिएर पूजन गरोस् अस्थिर् छ सन्सार भनी ।
घर्गाउँ धनजन् विनाश् हुनगए मिल्छन् यि फेरि भन
पाप् धर्मै सब मिल्दछन् बखतमा मिल्दैन देहै पुनः ॥१९९॥

रक्षा धर्म निमित्त देह हुनगो धर्मै लिँदा ज्ञान् भयो
रक्षा देह गरेर ज्ञान् यदि भए मिल्ला कि मुक्ती त यो ।
वृक्षै रुप् नर देह धर्मफल हो फल्हीन वृक्षै सरी
धर्मैहिन् नर देह यो जगतमा शून्यै छ सन्सार्भरी ॥२००॥

माता फेरि पिता कलत्र सुत औ भाई र बन्धू पनि
हुन्नन् कोहि सखा परत्र गतीमा जानेछ दुःखी बनी ।
ब्याघ्री कै भयतुल्य वृद्ध हुनमा रोग् व्याध शत्रू सरी
आयू छन् चुहुने घडा जल सरी जानेछ कुन् दिन् मरी ॥२०१॥

धन्लक्ष्मी छ तरङ्ग तुल्य यिनमा यौवन् त फूल् तुल्य हो
सन्सार्का विषयादि स्वप्नसरिका भुल्नु त व्यर्थै न हो ।
चञ्चल् छन् धनमन् भए जति सबै सन्सार सुख् भोग् लिनू
अस्थिर् छन् सुखभोग देह बुझ्कि सब् धर्मै तरफ् मन् दिनू ॥२०२॥

एक् मैना पुरुषोत्तमैभरि सधैं स्नान् दान पूजा जप
सुन्नू श्रीहरिको कथा मन दिई हुनेछ ठूलो तप ।
गङ्गा तीर्थ समान् छ धन् गुणहरु विद्यासमान् क्यै अरु
मासै श्री पुरुषोत्तमैसँग हुँदा पुग्दैन क्यै मास्हरु ॥२०३॥

गङ्गा नदीमा सवदेखि श्रेष्ठ
वृक्षैहरुमा पनि कल्प वृक्ष ।
गाईहरुमा पनि काम धेनु
मानिसहरुमा नृपलाई मान्नु ॥२०४॥

शास्त्रैहरुमा पनि वेद श्रेष्ठ
मैना पुरुषोत्तम हो पवित्र ।
यो मासमा स्नान् उपवास गर्ने
प्राणान्तमा गै भवसिन्धु तर्ने ॥२०५॥

हस्ती पाउविषे लुकिन्छ जसरी सब् प्राणि पाऊ अब
धर्मै श्री पुरुषोत्तमै सँग हुँदा लुक्छन् क्रमैले सब ।
स्थापित् जुन् छ कलश् विधान विधिले पूजा गराइलिनू
राधा श्रीहरिको छ जुन् उ प्रतिमा अग्नि तपाई दिनू ॥२०६॥

गर्नू हर्दम प्राण् प्रतिष्ठित अनी वीज् मन्त्र बोलीकन
अग्नी ताप भएन त्यो यदि भने हुनेछ धातु भन ।
वेद्का मँन्त्र पढेर अङ्गहरुमा अर्चन् क्रमैले गरी
पूजाका उपहारसमर्पण गरुन् एक् भक्ति मन्मा धरी ॥२०७॥

हुन्छन् अन्तमहाँ विभक्ति पनि त्यो चारौं प्रयोगैकन
स्वाहा प्राण प्रतिष्ठितादि गरि सब् यो काम गर्नू भन ।
शान्ती नील कमल् छ छातिविचमा श्री वत्स चिन्है धरी
राधा श्री पुरुषोत्तमै सँग हुने त्रिभङ्ग रुप्का हरि ॥२०८॥

उच्चारण् सब देशकालहरुको पैले गरी त्यो अनि
आसन् पाद्य र अर्घ राव् गरि अनी पञ्चामृतै स्नान् पनि ।
भक्तीभाव धरेर अङ्गहरु सब् प्रत्यङ्ग पूजा गरी
गर्नू धूप र दीप फेरी उपहार् नैवेद्य नाना थरी ॥२०९॥

पूजाका उपहार् समर्पण गरी गर्दै निराजन् पनि
एक् मैना पुरुषोत्तमै व्रत बसोस् खुब् भक्तिवाला बनी ।
वाल्नू दीप अखण्ड मासभरि नै घ्यू को तयारी गरी
तिल्को होम् पनि लौ गराउ दिनदिन् भक्ती मनैमा धरी ॥२१०॥

नाम् हो अच्युत विष्णुदेव भनिने अत्यन्त प्यारो अब
कर्मैको त्रुटि हुन्न विष्णु भजिंदा हुनेछ पूरा सब ।
राजा श्री दृढधन्वले यति कुरा सूनेर फेरि पनि
मासै श्री पूरुषोत्तमै ब्रत लिंदा भोजन् छ कस्तो भनी ॥२११॥

पुरुषोत्तम ब्रत गर्दा भक्षा भक्ष
राजाको सुनि बात एहि रितको सुन्दा मुनीले अब
खानू अन्न हविष्य मात्र दिनमा एक्बार केवल् तब ।
शाली धान् गहुँ अन्न मीस्रि मुगि जौ केराउ खानू अनि
नावो धान् अदुवा मुला दहि सखर्खण्डै र केरा पनि ॥२१२॥

आँप् अम्बा कटहर् जिरा र अमला फल्हेरु उत्तम् सब
तिल् चीनी उखु औ सुपारि र सिँधे नून् खानु यस्तो अब
पाक्तैनन् चिज तेलमा मुनिहरु भन्छन् हवीष्यन्न यो
भोजन्मा उपवास् समान नरमा होला कि भन्नू त यो ॥२१३॥

त्याग्नु आमिष वस्तु मासभटमास् छन् दुष्टनाम्का जति
द्वीदल् तेल् तिलका र बासिहरु सब् त्याग्नु कि भन्छन् कति ।
अन्नै खानु पराइको र अरुमा फेर् द्रोह गर्नू पनि
तीर्थैदेखि बिना नजानु कहिल्यै घर् छोडि टाढा अनि ॥२१४॥

धौता वेद् गुरु गाई ब्राह्मणहरु स्त्रीराज ठूला कन
मासै श्री पुरुषोत्तमै ब्रत लिँदा निन्दा नगर्नू भन ।
प्राण्को अङ्ग भएर आमिष भनी भन्नेछ सब्ले यहाँ
अन्यै वस्तु सुकाइ जो गलित हो आमिष् कहिन्छन् तहाँ ॥२१५।

ज्यामिर् फल्हरुमा त फेरि मुसुरो आमिष् कहिन्छन् सब
वासी पाक्य भए त आमिष भनी भन्छन् सबैले अब ।
बाखी गाइ र भैंसिका दुधहरु घ्यु तेल नुन् आदि यो
ब्राह्मण्ले यदि बिक्रि गर्दछ भने आमीष त्यो चीज हो ॥२१६॥

घ्यू दूध् भो दहि ताम्र पात्रविचको छाला महाँको जल
बासी अन्न समेत भोजन गरे हुनेछ ब्रत् निष्फल ।
पात्मा भोजन भूमि शायि रहनू व्रत् ब्रह्मचर्यै गरी
चौथो भाग् दिनमा त भोजन गरोस् आनन्द मन्मा धरी ॥२१७॥

म्लेच्छादि अरुको र कागहरुको दृष्टी भएको भयो ।
जन्मै मृतक सूतकान्न पनि लौ हुँदैन खानै त यो ।
मोथे प्याज लसून् र गाजरमुला च्याऊ सबै त्याग् गरी
स्नान्ले शुद्ध पबित्र भै व्रत गरोस् एक् माससम्मै भरी ॥२१८॥

दाना त्यो अपमार्ग बेल अमला मूला नरिवल्हरु
इन्द्रै जौपरवल् वयर्सव अनी त्याग्नू कुभिण्डो अरु ।
खाई घ्यू दुध मात्र ब्रत् गरिलिनू एक् मास सम्मै अब
यस्मा जो छ असक्त व्यक्तिहरुले फल् खानु है लौ तब ॥२१९॥

यस्तैमा पनि लौ असक्त छ भने शुद्धान्न एक् छाक् गरी
हैसीयत् जति हुन्छ आफु त्यति नै ब्रत् गर्नु मासैभरी ।
दिन् सम्पूर्ण समाप्त पारी यसमा जो रात्रि भोजन् गरे
पाप्को नष्ट गराइ अन्तिम हुँदा हुने छ मुक्ति भरे ॥२२०॥

श्रीमद्भागवतै सुने यदि भने भक्ति धरी मन्महाँ
त्यस्को पुण्य बताउनै छ त कठिन् ब्रह्माजिलाई तहाँ ।
शालीग्राम पुजा चढाइ तुलसी एक् लाख दल् त्यो धरे
त्यस्को पुण्य वयान गर्न सकिने होला र लौ को भरे ॥२२१॥

पूर्वोक्तै व्रति जन् त देखि यमका दुत्हेरु भाग्छन् पर
सिंहै गर्जनबाट हात्ति जसरी हुने छ त्यस्तै डर ।
व्रत् गर्ने पुरुषोत्तमै जन महाँ चौता र तीर्थै अरु
त्यस्का अङ्गमहाँ निवास गरनन् होला कि पुण्यैहरु ॥२२२॥

सेवा श्री पुरुषोत्तमै गरिलिए दुःस्वप्न आदिकन
काया वाचिक मानसिक्हरु यी पाप् नष्टै हुनेछन् भन ।
मासै श्री पुरुषोत्तमै व्रतिहरु जुन् ठाउँमा बस्तछन्
भूत्प्रेत् फेरि पिशाचहेरु जति छन् सारा सबै भाग्दछन् ॥२२३॥

हज्जारै मुख शेष नाग्कन कठिन् होला कि वर्णन् गरी
भक्तै श्री पुरुषोत्तमै जनहरु सव् पाप् लिने छन् हरि
राजा श्री दृढधन्वले यति कुरा सूनेर फेरि अब
बाल्मीकी ऋषिलाइसोधनि गरे खुशी हुँदै यो तव ॥२२४॥

मासै श्री पुरुषोत्तमै यस महाँ त्यो दीप दान्ले पनि
गर्दा फल् कति मिल्छ गर्नु कसरी त्यो सुन्न पाऊँ भनी
राजाको सुनि प्रश्न बाल्मिकी मुनी यो भन्न लाग्नुभयो
सुन्दा पाप् अब आततायिहरुको नष्टै हुने पो छ यो ॥२२५॥

दीप दान गर्ने र चित्रबाहु राजाको कथा

सौभाग्यै नगरी थियो र यसमा नाम् चित्र बाहु पनि
नीती पूर्वक राज्यपालन गरी बस्थे खुशीले अनि ।
रानी चन्द्रकला थिइन् पतिब्रता चौसट्ठी गुण्की धनी
सेना सब् चतुरङ्गिणीसँग लिई राज्काज गर्थे यिनी ॥२२६

कोही एक् दिन राज्महल्विच महाँ आए अगस्ती मुनी
आसन्मा धरि दण्डवत् गरि पूजा खुब् हर्ष मन्को बनी ।
मेरो जन्म र राज्य धर्महरु सब् आजै सफल् यो भयो
भक्तै कृष्णजिको त दर्शन हुँदा सब् पाप थुप्रै गयो ॥२२७

घोडा हात्ति र राज्यहेरु सबथोक् ऐल्हे समर्पण् गरे
थोरैले पनि मेरुतुल्यसरि को होला कि त्यो दान् भरे ।
वैष्णव्लाई मिलेन क्यै दिन पनि निष्फल छ त्यस्तो दिन
वेद् जान्ने पनि भन्दछन् पुजिलिनू वैष्णवहरुमा पुनः ॥२२८॥

राजाको सुनि वात सोहि घरिमा भन्दछन् अगस्ती सब
हे राजन् ! तिमी धन्य छौं सब प्रजा छौं धन्यवान् है तब ।
आँखाहीन् नरदेह फेरि पतिहीन् प्यारीहरुमा अति
अक्षर्हीन् अनि विप्र दन्त नहुँदा गज्कासरिको कति ॥२२९॥

सन्ध्यामा कुश तर्पणै गरिलिँदा तिल् छैन तेस्तै भयो
वैष्णव्हीन् अनि राष्ट्रमा हुन गए होला कि उस्तै छ यो ।
यत्ती बात गरेर जानकन सुर् गर्छन् अगस्ती मुनी
रानी चन्द्रकला गए र नजिकै न्युरेर ढोगिन् अनि ॥२३०॥

सौभाग्यैवति जन्म जन्मभरि तक् आफ्ना पतिमा रति
गोपीकृष्णजिमा दृढामति थियो हुने छ तेस्तै अति ।
आशीर्वाद दिएर रानिकन फेर्बस्ता भएथे मुनी
राजा धार्मिक चित्र बाहु नृपति यो बिन्ति गर्थे अनि ॥२३१॥

लक्ष्मी फेरि विपुल् कसोगरी हुनु राज्यै अकण्टक् त यो
मैले कर्म सुकृत् गरेर कसरी कुन् कर्मले मिल्छ यो ।
राजाको सुनि वात झट्ट अमला हात्मा घुमेकै सरी
पूर्वै जन्म हुँदा भए जति कुरा सम्झेर एकेक् गरी ॥२३२॥

लागे भन्न मुनी थियौ तिमी अघि देश् हो चमत्कार् जहाँ
शुद्रै जाति भएर जीवहरुको हिंसा गरेथ्यौ तहाँ ।
नास्तिक् दुष्ट कृतघ्न दुश्चरितको यस्तो थियौ तापनि
काम् कार्यै र वचन् पतीरत भयी गर्थिन् र सेवा यिनी ॥२३३॥

सारा वन्धु समस्त पापि भनि यो सर्वस्व लुटीलिए
धिक्कार् दुःख भनेर जङ्गलतरफ् तत्काल जाँदो भए ।
धन्को नाश भएर जङ्गलमहाँ बासै भए तापनि
सेवामा दृढ भै बसिन् यि पतिको यस्तै छ सन्सार् भनी ॥२३४॥

जीव् हिंसा वनमा बसेर दिनदिन् त्यो देह पालन् गरी
दम्पत्ती दुइको चलन् यहि थियो दिन् काट्दथे त्यो घरी
एकदिन् ती मणिग्रीव् शिकार गरदै वन्भित्र जङ्गल्महाँ
सर्पै धेर् मृगको घना वन थियो डर् मान्दथे सब् तहाँ ॥२३५॥

उग्रैदेव् भनि नामका अति वडा बाटो भ्रमै भैकन
भोक् तिर्खा अति नै भएर वनमा मूर्छा भएछन् पुनः ।
मुर्छित् ती मुनिलाई देखि मणिग्रिव् काख्मा उठायो पनि
आफ्नू आश्रममा लगी जतनले गर्थ्यो र सेवा अनि ॥२३६॥

सेवा दम्पत्तिको मुहूर्त भरिमा होस् भै मुनी त्यो घरी
मध्ये जङ्गलमा अचेत म थियैं आत्रैं यहाँ के गरी।
होस्मा यो मुनिको कुरा सुनि सकी भन्छन् मणिग्रीव् अब
पुण्यैयुक्त कमल् तलाउ यसमा स्नान गर्नुहोस् लौ अब ॥२३७॥

यस्तै औसरमा समाइकन हात् यी उग्र देवै मुनी
राम्रो सोभित वृक्ष वर् तहिँथियो त्यस्भित्र छाया मुनी।
विश्राम् केही गरेर स्नान् गरिलिए श्री वासुदेव् पूजन
द्यौता पितृ समस्त पूजन गरे ठण्डा भएथ्यो मन ॥२३८॥

नम्रै भै मणिग्रीव् मुनीकन पनि यो भन्न लागे अब
पात्रे दर्शन आश्रममैविच बसी नष्टै भयो पाप् सब।
पत्नीलाई भन्यो त शीघ्र अति नै ल्याउ रसीला फल
कन्दादिक् अनि आँपका ती रशिला जुन् दिन्छ त्यस्ले बल ॥२३९॥

स्वामीको सुनि वात खुब् अति छिटो ठिक्ठाक् तयार् भो अनि
स्वीकार्नोस् फलहार् मुने ! गरिलिनोस् कृतार्थ पार्नोस् पनि।
दम्पत्ती मणिग्रीवका सब कुरा सुन्दा भएथे मुनी
चिन्पैचान् नगरी त खानु कसरी को हौ तिमी लौ भनी ॥२४०॥

ब्राह्मणले नबुझी नखानु छ भनी भन्थे ऋषिश्वर् यहाँ
यस्तो वात् ऋषिको सुनेर उ बखत् भन्छन् मणिग्रीव् तहाँ।
शूद्रै नाम् मणिग्रीव् म हूँ मकन सव् वान्धव् र जाति सव
त्यागिँदा सवदेखि जङ्गलमहाँ आएर बस्छू अब ॥२४१॥

जानूहुन्छ कहाँ र को हुनुभयो हिम्सादि जङ्गलमहाँ
कारण् के हुन गो र जानु पनि भो कोही थिएनन् तहाँ ।
सुन्दा वात् मणिग्रीवको सब कुरा भन्छन् मुनी यो पनि
जान्थे जान प्रयाग् भनेर मनले भूलेर बाटो अनि ॥२४२॥

तिर्खा भोक् अति व्याकुलै हुन गयी मूर्छा भई त्यो घरी
हिंस्रक् जङ्गल देखि जीवित गर्‍यौ को छन् र तिम्रासरी ।
तिर्खा भोक थकाइ पीडित ममा ल्यायौ वचाइकन
तिम्रो दुःख पनी म हर्दछु छिटै सब्थोक् मलाई भन ॥२४३॥

यस्तो वात् मणिग्रीवले सुनि सकी भन्छन् खुशी भै तहाँ
विद्याले परिपूर्ण ब्राह्मण थिए देश् त्यो चमत्कार् महाँ ।
दुष्टा बुद्धि लिएर धर्म सब त्यो त्यागेर मैले पनि
हिंसा चोरि परस्त्रीमा रत सधैं गर्ने हुनाले अनि ॥२४४॥

सारा बन्धु मिलेर सब् हरि लिए सर्वस्व पारी धन
गर्थे निन्दित सब् मिलेर मकनै वन्वास् गराए पुनः ।
यो घोर् जङ्गलमा त जीवित गरें भार्या यिनै साथ् गरी
पापी जानि अनुग्रहै गरि लिनोस् सब् पाप मेरो हरी ॥२४५॥

दारिद्रै अति शीघ्र नष्टभइ यो ऐश्वर्य वैभव् अनि
पाऊँ भोग सपत्निसाथ सँग भै यो बिन्ति गर्थे पनि ।
दम्पत्ती मणिग्रीवको त्यति कुरा सुन्दा मूनिले अब
धन्ये छौ अनि भाग्यमानि तिमी हौ कल्याण होला तब ॥२४६॥

तीर्थै दान् व्रतले परिश्रम विना ऐश्वर्य धेरै लिने
वत्ती श्री पुरुषोत्तमैकन पनि अर्पण् गरी त्यो दिने ।
मासै श्री पुरुषोत्तमैकन पनि आऊँछ चाँडो अब
दम्पत्तीसँग भै गरे त दिप दान् नाश् हुन्छ दुःखै सब ॥२४७॥

तिल्को तेल भएन तापनि भने घ्यूको त बत्ती गरी
बाल्नू बत्ति अखण्ड स्नान सरमा एक् मास सम्मै भरी ।
घ्यूको भो त अभाव त्यो यदि भने तिल्-तेल नै लौ लिनू
वन्मा बास हुँदा तिमीहरु त लौ घ्यू च्यूरिको त्यो दिनू ॥२४८॥

स्नान् गर्नू दिनदिन् सपत्नि सहितै यस्सै तलाऊमहाँ
लक्ष्मी प्राप्ति हुनेछ वेदहरुले यो बात भन्छन् यहाँ ।
मासै श्री पुरुषोत्तमैभरि सधैं बत्ती अछिन्नै गरे
धन्यान्यै परिपूर्ण हुन्छ उसको जन्मान्तरैमा भरे ॥२४९॥

लेखीए जति वेदमा सकल ती कर्मै र दान् त्यो पनि
सोह्रै भाग्विच एक भाग दिप दान् पुग्दैन कैल्हे अनि ।
सारा तीर्थर शास्त्रहेरु जति छन् यस्मा पनि क्यै गरी
बत्ती दान् पुरुषोत्तमै भरि दिए हुँदैन यस्को सरी ॥२५०॥

ज्ञान्को योग् अनि साङ्ख्य शास्त्रहरु ती तन्त्रैहरु क्यै पनि
सोह्रै भाग्विच एक भाग दिप दान् हुँदैन कैल्हे अनि ।
चान्द्रायण् अति शुद्ध व्रत् पनि कुनै यो मास बत्ती सम
श्रेष्ठै यै हुनजान्छ बत्ति जसले बाल्नेछ यस्मा भन ॥२५१॥

एक् हज्जार् ग्रहणै र योग दिनको त्यो ब्यतिपात् स्नान् गरे
सोह्रै भाग्विच एक भाग यसमा हुँदैन आखिर् भरे ।
हे बाबू अति गोप्य पुण्य यहि ब्रत् नास्तिक् कुनैमा पनि
भन्दै केहि नभन्नु व्रत् गरिलिए कल्याण होला अनि ॥२५२॥

बन्ध्याले सुत पाउली उ बढिया वैधव्य नाश्नाकन
धन्धान्यै पशुपुत्र कीर्ति सबथोक् बढ्ला अवश्यै भन ।
कन्याले पति पाउली अति असल् कान्तार्थि कान्ता पनि
अर्थार्थी धन पाउला व्रत गरे मोक्षार्थि मोक्षै अनि ॥२५३॥

शास्त्रैका विधि क्यै नलीकन पनि एक् मास यो व्रत् गरे
जे चाह्यो उहि पाउला पछि अनि जन्मान्तरैमा भरे ।
शूद्रै त्यो मणिग्रीवलाई यि कुरा विस्तार् गरी ती मुनी
तीर्थै गर्न प्रयाग् म जान्छु अब लौ भन्दै गएथे पनि ॥२५४॥

उग्रैदेव् ऋषिको सुनेर उपदेश् गर्छन् मणिग्रीव् अब
आयो मास् पुरुषोत्तमै भरि सधैं पत्नीसँगै भैं तब ।
मैनाभर् गरि दीप दान सब त्यो पूर्णै गराईकन
पाप्को नष्ट गराई इन्द्रपुरिमा पुग्दा भएथे पुनः ॥२५५॥

स्वर्गै भोग समाप्त पारिकन ती यो भारतै वर्षमा
राजा श्री विरवाहुका सुत भयी जन्मी रह्यौ यै क्षण ।
रानी चन्द्रकला भएर संगिनी त्यो पूर्वजन्मै महाँ
च्यूरी घ्यू गरि बत्ति बालिसँग भै गर्थ्यौ दुवैले तहाँ ॥२५६॥

येसैले गरि राज् अकण्टक भयो तिम्रो यहाँ यो भनी
राजालाई सुनाउँथे खुशि भयी सव् त्यो अगस्ती मुनी ।
राजा श्री दृढधन्वलाई पनि यो बाल्मीकि भन्छन् अब
के सुन्ने मनमा छ त्यो भन सबै भन्नेछु मैले सब ॥२५७॥

व्रतको उद्यापन र रानी सँगै दृढघन्वा राजाको मुक्ति

राजाले खुशी भै प्रसन्न मनले यो सोध्न लाग्नुभयो
उद्यापन् व्रत गर्नुपर्छ कसरी कस्तो विधि पो छ यो ?
राजाका ति कुरा सुनेर खुशी भै बाल्मीकि नाम्का मुनी
कृष्णैपक्ष चतुर्दशी र नवमी हो अष्टमी यो भनी ॥२५८॥

कृष्णैपक्ष शुभै हुनेछ यसमा गर्नु कि उद्यापन
मीलेको उपहारले गरिदिनु सत्भक्ति राखीकन ।
तीसै होस् अथवा कि सात कममा पाँच् ब्राह्मणैमा पनि
हैसीयत् अनुसार् सपत्नि सहितै निम्ता दिनू है अनि ॥२५९॥

आचार् शुद्ध कुलीन ब्राह्मणसँगै मध्यान्न दिन्मा अब
पञ्चै धान्य उपर् र चार् कलश त्यो चारै दिशामा सब ।
बासूदेव् हलधर् प्रद्युप्न र अनिरुद्धै यि चार्को पनि
माझै मण्डलमा पुजा गरिलिनू वेद्का विधीले अनि ॥२६०॥

माझै मण्डलको कलश् उपरमा राधासँगै श्रीहरि
यो मास्मा पुरुषोत्तमै ति अधिदेव् राखोस् उसैमा धरी ।
देहै शुद्ध गरेर गर्नु पहिले आरम्भ कर्मै अनि
प्रायश्चित निमित्त जुन् छ अधिकार् सिद्धि म पाऊँ भनी ॥२६१॥

श्रद्धाभक्ति सपत्नि हर्ष मनले अर्घे तयारी गरी
चौताका अधिदेव् पुराण पुरुषै अर्घे लिनुहोस् हरि !
राधाश्री पुरुषोत्तमैसँग हुने मेघ्वर्णका श्री हरि
भक्तै वत्सल हे प्रभो ! शरणमा आयें म पाऊँ परी ॥२६२॥

अर्घे फेरि निराजनै सकल त्यो भक्ती धरी मन्महाँ
मन् एकाग्र गरेर गर्नु स्तुति पाठ् पुष्पाञ्जली ली तहाँ ।
गाई दान् तिल घ्यू र वस्त्रहरु सब् दान्हेरु साराकन
श्रीमद्भागवतै छ दान अति नै उत्तम् छ यो दान् भन ॥२६३॥

कन्यादान हजार् तुला पुरुष दान् धान् खेत दान्ले पनि
यज्ञै त्यो गरी वाजपेय श्रुति दान् पुग्दैन कैल्हे पनि ।
मासै श्री पुरुषोत्तमै यसमहाँ दान् भागवत्का सरी
सोह्रै भाग्विच एक भाग यसमा पुग्दैन केही गरी ॥२६४॥

तीस् ओटा गरि काँस थाल् र यसमा माल् पूप राखि भर
सङ्ख्याले जति छिद्र वर्ष त्यति नै वैकुण्ठ बस्ला नर ।
राजाश्री दृढधन्वलाई अरु यो बाल्मीकि भन्छन् अब
शेष् पाप्लाई अशेष गर्न विधि यो भन्छु म लौ यो सब ॥२६५॥

यज्ञै पूर्णगराइ चीजहरुको षड्रस् तयारै गरी
मन् सन्तुष्ट गराइ भोजन दिनू आनन्द मन्मा धरी ।
राजा श्री ढृडधन्वलाइ अरु यो बाल्मीकि भन्छन् अब
शेष् पाप्लाइ अशेष गर्न बिधि यो भन्छू म लौ यो सब॥२६६॥

जगताधार छौं कृष्ण जगत्का नन्दनन्दन
यस्लोक् औ परलोकैका जगत्का भय भञ्जन ।
शरणार्थी हुँदा कृष्ण पाऊँ रक्षा सधैंभरी
भक्तका नाथ छोडेर जाऊँ लौ अब के गरी ॥२६७॥

रात्री भोजनको नियम् यदि भए ब्राह्मण् गरोस् भोजन
माग्दै केहि नमागि भोजन गरे सुन्दानगर्नु भन ।
छोडे भोजन औंसि सम्म जसले दान् गर्नु गाई अब
धात्री स्नान नियम् गरे त दहि दूध् दान् गर्नु भन्छन् सब ॥२६८॥

फल् त्यागे फलदान गर्नु जनले त्यो अन्त्यमा गैकन
घ्यूको स्थान्विच तेल् र तेलविच घ्यू दान् गर्नू यस्तै भन ।
अन्नै त्याग्छ भने गहूँ कि त गरोस् त्यो शालि चामल् पनि
भूमी शायि छ जो त त्यो जन उ लौ दान् गर्नु शैया अनि ॥२६९॥

पात्मा भोजनको नियम् यदि भए घ्यू शर्करा दान् दिनू
बोल्दै केही नबोलि भोजन गरे तिल्घण्ट सुन्दान् दिनू ।
नून् त्याग्ने जनले त अन्त्य दिनमा षड्रस् मिलाईकन
बत्ती बाल्नि नियम् छ जस्कन पनी दान् गर्नु दीपै भन ॥२७०॥

ताँवाको दीप पात्र घ्यू भरि अनी बत्ती सुनैको गरी
दान् गर्ने पुरुषोत्तमै व्रत गरे सब् पाप् लिनेछन् हरि ।
हैसीयत् अनुसार गर्नु व्रत दान् हूनेछ कल्याण् कति
धेरै अमृत वाक्य ब्राह्मण वचन् हुनेछ कल्याण अति ॥२७१॥

पूर्वान्है सब देवता मुनिहरु मध्यान्न पारी कन
पितृगण् अपरान्ह भोजन लिने अन्तिम आफू भन ।
दिन् सम्पूर्ण समाप्त पारी यसरी जो रात्री भोजन् गरे
एक् वार् भोजनले ऋषीमुनिहरु निर्वाण पाई तरे ॥२७२॥

रात्री भोजन गर्छ जो जन उही धेर् पुण्य साधीकन
हत्या ब्राह्मण बध् यिपाप्हरु सबै नष्टै हुनेछन् भन ।
ब्राह्मण भैकन तिल् लिएर उसले कोल्मा लगी पेल्दछन्
तिल् दाना गनि वर्ष त्यो नरक गै रौरव्महाँ गिर्दछन् ॥२७३॥

चाण्डाल योनि भएर पीडित भई कुष्टादि रोग्ले अनि
भोग्ला कष्ट सहेर क्यै दिनभरी अत्यन्त दुःखी बनि ।
विष्टामूत्र खकार् रगत्कन पनी कुश्ले बढार्ने छ त्यो
विष्टाको कृमि भै त धेर दिनतक् भोग्नेछ सङ्कष्ट त्यो ॥२७४॥

ब्रह्मा छन् मुल कूशमा र विचमा मध्ये जनार्दन भए
अग्रे भाग्विच शङ्करै रहनु भै सर्वत्र द्योता रहे ।
यस्तो शुद्ध पवित्र कूश नभए व्यर्थै छ कर्मै सब
तिल् कुश्लाई लिएर कर्म गरनु हुनेछ सिद्धि तब ॥२७५॥

येती बात गरेर बाल्मिकि मुनी चुप्चाप लाग्दा भए
दृढ्धन्वा नृपराज् सपत्नि सहितै पूजादि गर्दै थिए
आशीर्वाद दिएर बाल्मिकी मुनी स्वस्ती भनी त्यो घरी
क्यै विच्सम्म गई बिदा गरिलिए आतिथ्य सत्कार् गरी ॥२७६॥

बस्दा क्यै दिन रानिलाई नृपती भन्दा भए यो पनि
राग् द्वेष् लोभ र मोह देह भवको के सूख होला भनी ।
मल् मूत्रै कफ वात पित्त र रगत् यस्तो शरीर् सब् दिन
विष्टा भस्म किरा हुने शरीर यो के हुन्छ अन्तिम् भन ॥२७७॥

छैनन् नित्य अनित्य जानिकन लौ त्यो नित्य खोजीकन
सम्झी श्री पुरुषोत्तमैकन भजी जानेछु जङ्गल् पुनः ।
रानी श्री गुण सुन्दरी ति पतिको सूनेर यस्तै कुरा
नारी जो छ पतिव्रता ति सबको स्वामी छ द्यौता पूरा ॥२७८॥

दिन्छन् मातृ पिता र पुत्र पनि औ अड्कल् गरी त्यो सव
स्वामी देखि परै भएर रहनै सक्दिन मैले अब ।
प्यारीको सुनि बात ठिक्क उ बखत् राजा खुशी भैकन
छोरालाई दिएर राज्य अभिशेष् जान्छन् वनैमा पुनः ॥२७९॥

पर्वत् फेरि हिमालयै नजिकको गङ्गा समिप्मा गयी
त्रीकाल् स्नान गरेर क्यै दिन बसे दम्पत्ति साथै भयी ।
आयो मास् पुरुषोत्तमै जब तहाँ गर्छन् तपस्या अब
अङ्गुष्टै भूमिमा अढ्याइकन हात् ठाडो गराई तब ॥२८०॥

दृष्टि छन् नभमा नखाइकन क्यै श्रीकृष्ण जप्दै अनि
सेवामा अति खुशी भैकन रहिन् रानी सगैं साथ् वनी ।
तप् गर्दा पुरुषोत्तमै व्रत पुरा पूर्ण भएथ्यो सब
पुण्यैशील सुशील घण्टि छअवाज् आयो विमान् त्यो तब ॥२८१॥

राजा रानी सपत्नि भैकन छिटै ढोगेर चाँडो अनि
चाँडो तेहि विमानमा बसिगए त्यो दिव्य देहै वनी ।
हज्जार् जन्मभरी तपेर तपमा मिल्दैन जुन् त्यो गति
एक् मैना तपमा तपे यदि भने मिल्नेछ त्यो सद्गति ॥२८२॥

जान्दै केहि नजानि स्नान गरिँदा तिन् दीन मात्रै पनि
वानर्ले पनि मुक्त भैकन गयो गोलोक धामै अनि ।
नारायण् नरका बसेर सँगमा सोध्थे जति नारद
पौराणिक् सुतले तिशौनक महाँ भन्नुभयो सादर ॥२८३॥

श्री नारायणलाई नारदमुनी सोध्नुभयो लौ अब
को होवानर स्नान् कसोगरी भयो कुन् तीर्थमा गै तब ।
भन्छन् वेद समस्त सिद्धि गरिने जन्मी मनुष्यै भयी
के कारण् हुन गो र बानर कहाँ मुक्ति भएथ्यो गयी ॥२८४॥

कदर्य ब्राह्मण वानरको जन्मबाट मुक्ति

प्रश्नै नारदको सुनेर खुशी भै नारायणैले अब
केरल् देशमहाँ त लोभि अति नै वस्थे ति ब्राह्मण् तब ।
बाबूले यिनलाई नाम पहिले हो चित्रधर्मै भनी
राखे नाम कदर्यदेखि चलनै गाऊँ छिमेक्ले अनि ॥२८५॥

मौरीले मह झैं नखाई धन त्यो राखे लुकाईकन
खानू लाउनु धन् न खर्चिरहँदा भन्थे कदर्यै पुनः ।
पोष्यै वर्ग नपोषि यश् लिन तरफ् खर्चै गरेनन् कति
अन्यायै गरि धन् बटोलि भुमिमा गाडेर राख्थे कति ॥२८६॥

माघैमा तिल दान कार्तिकमहाँ त्यो दीप दानै पनि
बैशाख्मा पनि धान्य दान ब्यतिपात् योग्मा त सुन्दान् अनि ।
संक्रान्ति रविकालका दिन महाँ दानै भएनन् कुनै
चन्द्रै सूर्यमहाँ ग्रहण् परिगए जप् होम आदी हूनै ॥२८७॥

सूर्य ताप झरी बतासहरुले कालो शरीर् भै कन
यौटा गाइ दुहिन्छ तेत्ति समयै लिएन फुर्सद् हुन ।
धिक्कार् लोक् सबदेखि पाइकन ती अत्यन्त दूखी भयी
बाटीका पति मित्र भिल्लसँगमा त्यो दुःख् पुकारे गयी ॥२८८॥

देखी मित्र दुःखी अनाथ हुन गै आयो दया मन्महाँ
आएका शरणार्थी जानि मितले भन्दा भए यो तहाँ ।
बाटीका पति भिल्लको अति असल् ठूलो बगैंचा थियो
बस्नू याँही भनेर मित्रकन यो आज्ञा तुरुन्तै दियो ॥२८९॥

क्यै दिन् ताँहि बसेर मित्रकन फेर् विश्वास् गराईकन
बाटीका पति भन्दथे जति कुरा गर्थे सबै पालन ।
सत्यै हुन् भनि मित्रलाई भिलले दियो बगैंचा तहाँ
राज्सेवा गरि बस्दथ्यो गइगयो त्यो राजद्वारै महाँ ॥२९०॥

खानू खाइलियो नखाई सकिने बिक्री कति गर्दथ्यो
मालिक् आफु भएर फल्हरु असल् मन्मानि त्यो गर्दथ्यो ।
फेरी क्यै दिनमा बनाधिस गयो हेर्छु बगैंचा भनी
बिक्रीका फलद्रव्यहेरु जति छन् सारा लुकाए अनि ॥२९१॥

पंक्षी मारि लगेर प्वाँख्हरु सबै राख्थे गिराई कति
आए हेर्न बनाधिशैं र बचरा आएर खान्छन् अति ।
मारी इन्कन खानलाई नदिई फल्को सुरक्षा गरी
भिक्षाटन् गरि मागि खाइ यहिं नै बस्छू म रात् दिन्भरि ॥२९२॥

फःल्खाने जति पक्षि आउँछ यहाँ मार्छू सबै तिन्कन
हेर्नोस् मालिक ! पंक्षी प्वाँख्हरु सबै यहीँ छ तिन्को पुनः ।
बाटीका पतिलाई येहि रितले विश्वास पारी कति
बिक्रीका फल द्रव्यहेरु सब त्यो राखे लुकाई अति ॥२९३॥

यै रित्का क्रमले बसेर रहँदा वर्षै सतासी भए
बूढा वृद्ध हुँदा त काल गतिले तत्काल् परम्धाम् गए ।
जस्तो कर्म गर्‍यो मनुष्य जनले तेस्तै नभोगीकन
त्यो पाप् जान्न घटेर क्यै गरि पनि वेद् भन्दछन् यो पुनः ॥२९४॥

त्यस्कारण यमदूतले कुटिपिटी हाहार हुम्कार् गरी
जाँदा मार्ग छ घोर कष्ट अति नै रोएर मूर्छा परी ।
बोली बुध्बुध अक्षरै गरि अनि जाँदा ति दुःखी बनी
पूर्वैजन्म हुँदा त कर्म जति हो सम्झेर आफू अनि ॥२९५॥

पुण्यैले परिपूर्ण मानव यहाँ जन्मी मनुष्यै भयी
व्यर्थै त्यो धनलोभले क्षणिक सुख् रुन्छु म दुःखी रही ।
जन्मै मानिसको भएर मईले दान् गर्न केही पनि
गङ्गा स्नान् अनि अग्निमा हवन क्यै हुँदै भएनन् अनी ॥२९६॥

यस्तै धेरविलाप् कदर्य यसरी गर्दैथिए धेर् तहाँ
जाँदा क्यै दिनमा पुगे ती यमलोक् छन् चित्र गुप्तै जहाँ ।
हेरी कर्महरु शुभाशुभ सबै एक्एक पक्का गरी
लागे भन्नति चित्रगुप्त यमराज्लाई अगाडि सरी ॥२९७॥

लोभी मूर्ख अदान ब्राह्मण भई गर्ने धनै आर्जन
लिन्थे आफु थिएन क्यै दिनु अनी खानू कुनै भोजन ।
मित्रै आफ्नू बनाधिशैकन पनि विश्वास् गराई ठूलो
खाई मन्परि बिक्रि खुब् गरि सबै पारे बगैंचा धुलो ॥२९८॥

विश्वास्घात र चोरि फल् गरिलिने ठूलो छ पाप् यीन्कन
चित्रैगुप्त विचार् गरेर सब पाप् भन्थे बुझाई पुन ।
यस्तै औसरमा त फेरि यमराज् भन्दा भए त्यो तव
विश्वास्घात् फल चोरि पाप् दुई हुँदा हुने छ प्रेतै अब ॥२९९॥

निर्जन्को वनमा गएर पहिले प्रेत् योनि दुःखी भयी
भोगी बन्हि नरक् पछि हुनु अनि त्यो वानरै रुप् भयी ।
जम्बू खण्ड उशैल पर्वत असल् यस्तो वनै हो जहाँ
छायाँ शीतल पुष्पयुक्त वन त्यो वानर् सरी भैं तहाँ ॥३००॥

द्यौताको अति दुर्लभै तँहि थियो त्यो मिर्ग तीर्थैकन
जस्ले गर्छ गएर श्राद्ध उसको तर्ने छ पितृ भन ।
दानव्को डरले भएर मृग रुप् द्यौता बसेछन् लुकी
यसै कारण मीर्गतीर्थ हुन गो ठूलो छ तीर्थै अती॥३०१॥

त्यस्तो वन् नजिकै भएर कपि त्यो जन्मै लिएको थियो
चोरी पाप् फलका खडा हुन गई त्यो जन्म उस्ले लियो ।
श्री नारायण भन्दथे सब कुरा सूनेर नारद्मुनी
अन्यायै गरी धन् कमाइरहने तेस्तो उ पापी पनि ॥३०२॥

तिन्लोक् पावन मिर्गतीर्थ बीच त्यो जन्म्यो कसोरी कपी
शङ्का भो मनमा र केही यसमा गुप्ती रहस्यै छ कि ।
शङ्कित् नारदलाई जानि उ बखत् नारायणैले पनि
भन्नु भो सुनिलेउ नारद ! सबै मन् सावधानी बनी ॥३०३॥

चित्रै कुण्डल वैश्य पत्निसँगमा ती तारका लीकन
अन्तिम् मास् पुरुषोत्तमै व्रत अनि गर्थे ति ऊद्यापन ।
आयो मास् पुरुषोत्तमै व्रत गरी अन्तिम् हुँदा त्यो दिन
पढ्थे वेद सपत्नि ब्राह्मण गुणी दान् गर्दथे यिन्कन ॥३०४॥

पाई दान सबै ती ब्राह्मणहरु आफ्नो घरैमा गए
लोभी मूर्ख कदर्य वैश्यकन त्यो रोएर भन्दा भए ।
धन्यै छौ पति पत्नि वैश्यहरुयो उत्तम् गर्‍यौं सेवन
दान्दाता सबको भएर मकनै गर्नुभयो हेलन ॥३०५॥

दियो दान कदर्यलाइ खुशि भै त्यो वैश्यले झट् तहाँ
त्यो धन्लाई लिएर त्यो चलिगयो गाड्यो जमिनै महाँ ।
दर्शन् भो पुरुषोत्तमै प्रभुजिको पूजा महात्म्यै स्तुती
यस्तैकारण मिर्ग तीर्थ विच गै जन्म्यो छिटै त्यो कपि ॥३०६॥

ठण्डा जल्फल पूर्ण जङ्गलमहाँ त्यो जन्म त्यस्को हुन
कारण् क्यै छ भने सुनाउनुहवस् हे नाथ नारायण ।
शङ्कित् नारदलाई जानिकन औ नारायणैले पनि
सुन्नाले सब पाप नाश् गरिलिने नारद् सुनिल्यौ तिमी ॥३०७॥

सर्वेश्वर् रघुनाथ् सबै जगत्का हर्ता र कर्ता पति
बाँधे पुल समुद्रमा अति ठूलो लङ्का गएथे कति ।
राक्षस् नाश गराइ एक विभिषण् शेष् मात्र राखीकन
स्वीकार् जानकि अग्नि शोधन गरी लिनू भएथ्यो पुनः ॥३०८॥

मार्दा रावण सब् खुशी हुन गए ब्रम्हादि द्यौता सब
दिन्छौ वर् लिनुहोस् खुशी सब भयौं हे राम चाँडो अब ।
ब्रह्मादि सब देवको सुनि कुरा श्री राम भन्दछन् तहाँ
संग्राम्मा जति फौज् मरे सकल यो जीवित् रहुन् त्यो यहाँ ॥३०९॥

श्रीरामको सुनि बात सोहि घरिमा ब्रह्मादि द्यौता पनि
अमृत् वृष्टि गराई त्यो समरमा सारा जियाए अनि ।
निद्राबाट उठेर जुन् तरहले जागा भएकै सरि
जागृत् भै सब ती बसे समरमा तत्काल सोही घरी ॥३१०॥

भन्नुभो अब रामले सबकुरा सुग्रीव् हनुमान्कन
मित्रै कार्य निमित्त प्राण बलिदान् गर्थ्यौ सबैले पुनः ।
यस्तै कारण वानरादि जति छौं जुन् देशमा जाउला
सद् वृक्षै र जलासयै अति असल् फल्हेरु सब् पाउला ॥३११॥

जस्तो कर्म छ आफु भोग नगरी घट्दैन वेद् भन्दछन्
पूर्वै जन्मभरी छ कर्म जति त्यो आफै अघि सर्दछन् ।
फल् चोरी उहि कर्म श्रेष्ठ हुन गै त्यो मानुषीको तनु
जम्बू खण्ड उशैल पर्वतमहाँ जन्मे छिटो के भनूँ ॥३१२॥

जन्मै वानरको लिएर उ सधैं बढ्दै गयो दिन्दिन
मुख्मा रोग बढेर पेट्भरि पुरा सक्दैन खान्पिन् लिन ।
चञ्चल् वानर घुम्दथ्यो वनवनै वृक्षैहरुमा डुली
जम्बू खण्ड उशैल पर्वतमहाँ घुम्थ्यो सधैं त्यो भुली ॥३१३॥

जन्मैदेखि लिएर रोग मुखको बढ्दै बराबर् गयो
पित्तैरोग हुँदा भयो अति कठिन् खानै नसक्ने भयो ।
चञ्चल् बानर बृक्षबृक्षहरुका एक्देखि अर्को गरी
सम्झन्थ्योमनमा त खान नसकी होलाकि सुख्खै मरी ॥३१४॥

राम्रा फल् टिपि खानलाई नहुँदा लिएर हातैमहाँ
फल् टिप्दै कति फाल्दथ्यो जमिनमा खाँदै नखाई तहाँ ।
फाल्हानि रुखमा ति फल्हरु कति भैमा गिराइदियो
यै रित्ले गरि बन्वनै घुमीघुमी क्यै दिन् बिताई लियो ॥३१५॥

हाँगा एक रुखदेखि भिन्न रुखको फाल् हानि जाँदामहाँ
निर्वल् देह उँधो शरीर् गिरि पर्‍यो जुन् मृगतीर्थैमहाँ ।
पानी बन्द हुँदा त मत्स्यहरुको हुनेछ जस्तो गति
मुख्को रोग हुँदा झरेर सब दाँत् रोएर बस्थ्यो कति ॥३१६॥

गिर्दा त्यो रुखदेखि भग्न छ शरीर् त्यो तीर्थमा गै तहाँ
पानीका बुँदले भिज्यो सब शरीर् बस्थ्यो किनारै महाँ ।
अन्तिम् श्री पुरुषोत्तमै छ दशमी चार्दिन पूरा गरी
मध्यान्नै जब पाँच दिन् हुनगयो त्यो दिव्य रुपै धरी ॥३१७॥

पीताम्बर् कपडा शरीर भरमा आभूषणादि सब
नीलो लाल कमल् शरीर् सब मुहार देखिन लाग्यो अब ।
भेरी शङ्ख मृदङ्ग शब्द सँगको आयो विमान् त्यो तहाँ
नाच्गान्को परिपूर्ण सुन्दरसबै देखे विमानैमहाँ ॥३१८॥

गन्धर्वैहरु गाउँथे वरिपरी सब् अप्सरा नाच्दथे
वैष्णव्हेरु बसेर सब् खुशि हुँदै हेरेर खुब् हाँस्दथे ।
यस्तो वैभवशाली सुन्दर विमान् देखेर छक्कै परी
चित्रैपट् सरि भैबसे कपितहाँ आनन्द मन्मा धरी ॥३१९॥

के आश्चर्य भयो मलाई अहिले धर्मै कुनै क्यै नभै
नास्तिक् छू हरि पद् म पाउँ कसरी के जानु यिन्का सँगै ।
यस्तै तर्क वितर्क पारि मनमा बस्ने कदर्यै कन
पुण्यैशील सुशीलले उहि बखत् यो भन्न लागे पुन: ॥३२०॥

चाँडो पाल्नुहवस् विमान यसमा गोलोक जाऊँ भनी
सुन्दा त्यो हरिदासका वचन यो आश्चर्य मान्दै अनि ।
भन्छन् फेरि कदर्य वर्ष दिनमा हुनेछ वर्षा जति
तारागण् नभमा र भूमिविचको हुने धुलो कण् त्यति ॥३२१॥

मेरो पाप र कर्म गर्न्न कहिल्यै सक्दैन कोही पनि
भन्नोस् हे हरि दूत के गरिभयो यो दिव्य देहै अनि ।
पुण्यैशील सुशीलले यति सुनी भन्छन् कदर्यै कन
चौताले पनि गर्न यो कठिन तप् गर्नुभयो सेवन ॥३२२॥

मुख् रोगले गरि खानलाई नसकी व्रत् गर्नु मासैभरि
टिप्दै फल्हरुलाई फालि भुइँमा हल्लाई दान् त्योगरी ।
धेरै फल्हरु दान् गरेर रहनू मैनाभरी दिन्दिन
रोग्का कारणले नखान सकियो पानी समेतै लिन ॥३२३॥

घाम् पानी शित ताप् सहेर वनमा एक् मास पूरा गरी
अन्तिम् मास् पुरुषोत्तमै जब हुँदा स्नान् गर्नु पाँच् दिन्भरि ।
जान्दै केही नजानि आज सब यो व्रत् पूर्ण नै भैगयो
मासै श्री पुरुषोत्तमै व्रत गरी स्नान् दान पूरा भयो ॥३२४॥

दूर्लभ् मानिस जन्म नारिनरको भूखण्ड भारत्महाँ
सेवा श्री पुरुषोत्तमै व्रत लिनू त्यो धन्य वान्हो तहाँ ।
आयो मास् पुरुषोत्तमै जब तहाँ स्नान् दान पूजा जप
कोटी गुण् हुनु देव पितृहरुको कार्यादि सारा तब ॥३२५॥

यस्तो मास् पुरुषोत्तमै छ यसमा स्नान् दान पूजाकन
त्यागे नास्तिक धर्महीन् जन भनी धिक्कार तेस्मा भन ।
चाँडो चढ्नु हवस् विमान यसमा गोलोक जाऊँ अब
रोमाञ्चै छ शरीर तीर्थ सब यो गर्दै नमस्कार् सव ॥३२६॥

कालाञ्जर्गिरि देवता सकल त्यो पैल्हे नमस्कार् गरी
विमान्लाई परिक्रमा गरि चढे आनन्द मन्मा धरी ।
योगीजन्हरुलाइ पाउन कठिन् गोलोक धांमै पनि
जान्दै केहि नजानि वानर पुगे के भन्नु यस्तो भनी ॥३२७॥

नारायण् नरदेखि यो सब कुरा सूनेर नारद् मुनी
हात् जोरी अति नम्र भैकन तहाँ भन्दा भए यो अनि ।
पैल्हा भाग् दिनमा त गर्न परने कर्मैहरु ती सब
सूनैं सुन्न मपाउँ भाग दुइमा के गर्नु पर्ला अब ॥३२८॥

दिनको दोश्रा भागमा के गर्ने ?

प्रश्नै नारदकोसुनेर खुशी भै नारायणैले पनि
सन्ध्या मध्य हुँदा त कर्म जति छन् गर्नू यसोरी भनी ।
सन्ध्या मध्य हुँदा गरोस जनले तिल् तर्पणै लीकन
चौता प्रेत पिशाच यक्ष र अनी ती अन्न भक्षी जन ॥३२९॥

गर्नू त्यो वलिवैश्वदेव् सकल काम् ती अन्न भक्षी महाँ
श्वानैकाग् बलिदान् अनी गरिलिनु चिन्तन् अतीथी कहाँ ।
यौटा गाइ दुहे जती समय हो पर्खेर द्वार्मा अब
आएका ति त देवता भनि बुझी पूजा गरुन् खुब् तब ॥३३०॥

पाएका अतिथी त यस् बखतमा चौता भनी पूजन
अन्नै व्यञ्जन राखि तुष्ट गरनू सन्तोष मन्ले भन ।
सन्यासी यदि मिल्नगो पनि भने जल् राखि हातैमहाँ
भिक्षा औ अनि जल् दिए यदि भने उत्तम् भयो यो तहाँ ॥३३१॥

त्यो भिक्षा हुनगो सुमेरुसरि जल् सागर्सरिको भयो
भिक्षा भिक्षुकमा दिए यदि भने दान् गाइ तुल्यै छ यो ।
यस्का वाद् अब भोजनै गरिलिनू शुद्धाशनैमा रही
पात्रै आसन सब् बदल्नु यसमा एक् माससम्मन् भरी ॥३३२॥

आफू मात्र गरोस भोजन सधैं त्यो कांम्स्य पात्रैमहाँ
आयू कीर्ति र वल् त यस्कन पनी बढ्ला अवश्यै तहाँ ।
घ्यू व्यञ्जन् परिपूर्ण भोजन तथा सत्यं त्व मन्त्रै पढी
हात्मा पानि लिएर सेचन गरोस् त्यो भोजनादि भरी ॥३३३॥

भन्नू भूपति यो पढेर अनि त्यो भन्नु भुवन्का पति
भुतानाम् पतये भनी बलिदिनू तिन्वार सम्मन् कति ।
चित्रै गुप्त र धर्मराज्कन पनि चारौ विभक्ति परोस्
प्राणापान अपान ब्यान र उदान् स्वाहा प्रयोगै गरोस् ॥३३४॥

पाँच्वार् मन्त्र पढेर गाँस पनि पाँच् लिनु क्रमैले अब
बायाँ हात् जलले चिसो गरिलिनू आँखा दुवै त्यो सब ।
मौनी शान्त भयी लिनू मधुर रस् भोजन् जति अन्त्यमा
तीतो जो अमिलो पिरो यि जति छन् खाईलिनू मध्यमा ॥३३५॥

भोजन् गर्नु कि अन्त्यमा मधुर रस् आरोग्य वल्हो दिने
आठै गाँस् मुनिमा र सोह्रतक गास् ती वानप्रस्थी लिने ।
बत्तीस् गास् सब त्यो गृहस्थहरुले खानु खुशी भैकन
सात्विक् भोजन गर्नु नित्य यसमा कल्याण होला भन ॥३३६॥

पायस् घ्यू हरु देखि भिन्न अरु चिज् सम्पूर्ण खाईलिनू
हातैमा जल त्यो लिनु अलिकती त्यो आफु खाईदिनु ।
बाँकी जल् भुमिमा खसाइदिनु त्यो अग्राङ्गुलीले पुनः
भोका रौरवनर्कवास् गरिलिने अक्षय यिन्मा भन ॥३३७॥

कुल्ला षोडस बार गर्नु जलले मुख् शुद्ध गर्नू पनि
हात्ले नाभि छुँदै पढुन् यहि कुरा आनन्द मन्ले अनि ।
कुम्भैकर्ण अगत्स्य औ शनी भए बड्वानलै यीन्कन
आहारा परिपाक पाँच यहि नाम् सम्झेर यिन्को भन ॥३३८॥

आतापी पहिले गिरायिकन त्यो वातापीलाई पनि
सोस्ने फेरि समुद्रलाई खुशि हुन् यस्ता अगस्ती मुनी ।
सत्शास्त्रै परिचिन्तना गरिलिनु जप्नू सधैं श्रीहरि
छैनन् ज्ञान समस्त प्राणि हरुमा अध्यात्म विद्यासरि ॥३३९॥

सुन्दा धर्म बुझिन्छ फेरि नरमा सूनेर पाप् छाडिने
सुन्दा मोह हटिन्छ मानव महाँ ज्ञानै छ मुक्ती लिने ।
सुन्नाले पनि श्रेष्ठ हुन्छ जन त्यो नीचै भए तापनि
ऊँचै हो त पनी उ नीच रहला सुन्दैनसुन्ने अनि ॥३४०॥

सुर्यास्तै जब हुन्छ त्यो समयमा घर्मा कि तीर्थै महाँ
सन्ध्या साँझ सबै विधी गरिलिनु हात् पाउ धोई तहाँ ।
त्रिसन्ध्या विधिवत् उपासक हुने व्राह्मण्हरु तिन्कन
अग्नीमा घिउतुल्य बढ्छ उसको त्यो ब्रह्म तेजै भन ॥३४१॥

रात्री भोजन भैसकेपछि अनि गै शुद्ध शैया महाँ
मङ्गल् पुर्ण घडा सिरानी नजिकै राखुन् अवस्यै तहाँ ।
वैदिक् गाडुरि मन्त्र रक्षित भयी सुत्नू खुशीले अनि
माधव् आस्तिक औ कपिल् अनि मुचूकुन्दै यि सव्को पनि ॥३४२॥

यो नाम्को स्मरणै गरेर सुतनू आफ्ना घरैमा भए
गर्नू पूर्व सिरान् र दक्षिण सिरान् गर्नू ससूराल् गए ।
पर्देश् पश्चिम सिर् गरेर सुतनू उत्तर् कदापी पनि
पार्नै हुन्न सिरान् भनेर यी कुरा भन्छन् अधिका मुनि ॥३४३॥

जीवन्मा अति प्रेम् गरेर रहने आफ्ना ती पत्नीकन
व्रत् धारण् अतिरिक्त त्याग दिनमा छाड्नु अवस्यै मन ।
यो सम्पूर्ण कुरा गृहस्थहरुले दिन्दिन् गरेरै लिनू
कर्तव्यै सब दिन् गृहस्थहरुको लक्षण् छ यस्तै भनूँ ॥३४४॥

नारीधन् अरुका नहर्नु कहिल्यै जाल्भेल् कपट् न्यै गरी
धर्मै हो परलोक मार्ग सुखको जानू छ कुन्दिन् मरी ।
हिंसा वर्जित सत्य बोल्नु जनमा गर्नू सबैको भलो
हैसियत् अनुसार दान गरनू हुनेछ कल्याण् ठुलो ॥३४५॥

समस्त वेद्मा जति यो भनेको
कल्याण होला गरिलिन्छ जो यो ।
आश्रम् गृहस्थैहरुले गरिने
बाटो छ उत्तम् सव पाप् हरिने ॥३४६॥

सती वर्णन्

भन्छन् नारद फेरि यो सब सुनी नारायणै हे प्रभो
नारी जो छ पतिव्रताकन पनि पैल्हे स्तुती गर्नुभो ।
जो छन् नारि पतीव्रता ती सबको होला कि लक्षण् कुन
नारायण्सँग विन्ति नारदमुनि गर्थे यसोरी पुनः ॥३४७॥

हे नारद् सतिलेकुवृत्त कुरुपी जस्तो छ आफ्नू पति
क्रोधीमद्यपि रोगि जो झगडिया वृद्धै भएका अति ।
लाटो होस् बहिरो कि अन्ध अथवा कातर् दरिद्रै कन
गुण्डा कुत्सित मार्गबाट हिंडने यस्तो कदर्यै जन ॥३४८॥

जस्तो हुन्छ पति रहेर सँगमा आफ्नो रही जीवन
द्यौता तुल्य बुझेर फेरि सतिले गर्छन् सँधै सेवन ।
बाला औ युवती र बृद्ध बयमा स्वतन्त्र कैल्हे पनि
आफू मन्परि कार्य फेरि सतिमा हुँदैन कैल्हे अनि ॥३४९॥

कामुक् भाव् रसिला कुराहरु लिई आए पुरुष् क्वै जन
मन्मा केहि विकार् भएनछ भने त्यै हो सती यो भन ।
बोली मन् धनले फकाई रहँदा अर्का पुरुष्मा अब
त्यस्मा हुन्न विकल् फसिन यदि त्यो हो लोक भूषण् सब ॥३५०॥

हेर्दा कामुकले नहेरि रहने हाँस्दा नहाँसी लिने
कामुक्मा यदि बोलिदिन्नछ भने त्यै हो सती मानिने ।
रुप् यौवन् परिपुर्ण तुल्य वयको देखेर कान्ता यहाँ
जो नारी मनमा भए न विकृति त्यै नै सती हो तहाँ ॥३५१॥

गन्धर्वै सब देव मानिस महाँ साम्ने हुँदामा पनि
मन्को भाव विकार् हुँदैन जब त्यो जान्नू सती हो भनी ।
जत्ती रौं सति देहमा छ त्यति नै त्यो वर्ष संख्या गरी
स्वर्गैको सुखमा भुलेर रहनन् मृत्यु पछिका घरी ॥३५२॥

बाह्रै वर्ष उमेर् पुगेपछि अनी दोश्रो अवस्था भयो
हुन्छन् धेर रजोवती ति घरको सब् कर्म त्याग्नु छ यो ।
चाण्डाली पहिलो दिनै र दुईमा हो ब्रह्म घाती यिनी
तेश्रा दिन् हुनु धोविनी सरि अनी चौथा छ शुद्धै हुनी ॥३५३॥

स्नान् शौच् गान् अनि हाँस्नु रोदन कुनै सम्भोग आदिकन
देवार्चन् गृहकार्य धेर सबथोक् त्याग्छन् सतीले पुनः ।
चारौं दिन् सबत्यो धुलाइ कपडा नुहाइ शुद्धै गरी
सूर्यै दर्शन पञ्चगव्य पिउनु मन् शुद्धता खूब् धरी ॥३५४॥

हुन्छन् गर्भिणि नारि जो अब अनि तत्प र्नियम्मा रही
आलस्ये सब त्यागि शान्त रहनु सन्तोष मन्को भयी ।
जो छन् गर्भिणि नारी क्वै कुलतका सन्सर्ग यिन्मा कवै
मृत्वत्सा पर पाक रौद्र यिनमा त्यागून् सतीले सबै ॥३५५॥

बल्ले झट्ट उचाल्न तान्न र अनि नाङ्गलो लिई .हम्कन
नारी गर्भिणिले कदापि नगरुन् बिग्रन्छ बच्चा भन ।
ईर्ष्या डाह र द्वेष गालि अरुमा कैल्है नगर्नू यति
राम्रो शान्त स्वभाव् लिंदा अति असल् हुनेछ वाल्क अति ॥३५६॥

नाङ्गै स्नान् र कुचो मुशल् उपरमा ओखल् गरी आसन
जाँतो द्वारमहाँ र यन्त्रहरुमा कैल्है नबस्नु भन ।
खाँदैनन् पतिले जती चिजहरु त्याग्छन् सतीले उति
तीर्थै व्रत् अनि देव पूजनहरु कामै नगर्नू कति ॥३५७॥

तीर्थै पूजन देवको सब कुरा मन्मा नि आफै गरे
स्वामीको सब श्रेय आयु सहजै तत्काल तिन्ले हरे ।
स्वामीको यदि भावना न त हुँदा आज्ञा गरी पालन
धर्मैमा दृढ मन् भए अनुमती लिएर गर्नू भन ॥३५८॥

भर्ता हो गुरुदेव तीर्थहरु व्रत् धर्मादि सारा पनि
स्वामीकासँग साथ् भएर गरनु धर्मैहरु सब् अनि ।
बाला औ तरुणी र बृद्ध विधवा हुन्छन् ति नारी सती
सब्भन्दा अति कष्टदायि विधवा चारौं अवस्था अति ॥३५९॥

प्वालैबाट झिकेर सर्प सफरा बस् गर्छ जुन् रित् गरी
खोसी आफ्नु पती गयी यमसँगै लान्छन् ति स्वर्गै हरी ।
यस्तो शक्ति हुने सतीहरु पनि मृत्यू पतिका पछी
छैनन् मङ्गल भन्दछन् र विधवा के भन्नु यस्तो छ कि ॥३६०॥

पापी भै पति मृत्युका समयमा यम्दूत लानै भनी
साम्नेमा सतिलाई देखिन गए छाडेर भाग्छन् अनि ।
आफ्नो शील स्वभाव जुन्छ सतिले यो भङ्ग गर्ने कन
पितृ कूल् पति कूल् दुवैतरफ यो नाश्भो तिनैको भन ॥३६१॥

नारी जो विधवा भएर उ सधैं चुल्ठो झुलाई अति
हिँड्दा बन्धन हुन्छ आफ्नु पतिमा हुँदैन गर्नु कति ।
शिर् मुण्डन् अनि एक बार् गरिलिनु भोजन् दिनैमा भन
भूमि शाइभयी सधैं गरिलिनू आफ्ना पति चिन्तन ॥३६२॥

पान् खानू बुकुवा लगाउनु अनि शौगन्धि तेल् यो पनि
धारण् गर्न हुँदैन यो शरिरमा घट्ला कि धर्मै भनी ।
तिल्कुश् हातमहाँ लिएर दिनदिन्भर्ता ससूरा सबै
उच्चारण् गरी नाम गोत्र सबमा तर्पण् दिनू लौ अबै ॥३६३॥

छैनन् पुत्र भने यि कर्म गरनू छोरा हुने यिन्कन
पुत्रै साथ भएर कर्म गरनू एक्लै न गर्नु भन ।
यस्तो पूर्ण नियम् गरेर विधवा बस्ने सतीको पनि
स्वर्गैमा पनि कीर्ति खूब रहला ठूलो सती हो भनी ॥३६४॥

सुन्दा धर्म रहस्य नारिहरुको खुशी हुँदै नारद
हात् जोरिकन भक्ति राखि मनमा भन्दा भए सादर ।
श्री नारायणसाथ नारदमुनि यो सोध्न लाग्नुभयो
काँस्को सम्पुट पात्र दान गरदा कस्तो विधि पो छ यो ॥३६५॥

सम्पुट काँसको पात्र दान विधि ।

प्रश्नै नारदको सुनेर खुशि भै नारायणैले अब
शङ्कर्ले अघि पार्वतीसँग जति भन्नुभयो त्यो सब ।
मासै श्री पुरुषोत्तमै व्रत गरी के दान गर्नु भनी
सोधिन् पार्वतिले र यो कहनुभो शङ्कर्जिले त्यो पनि ॥३६६॥

सुन्यौ पार्वति दानमा अति महान् यो मास जस्तो कुनै
ब्रह्माण्डै सरि दान योग्य छ फलित् के सक्छ अर्को हुनै ।
सम्पुट् आकृति काँस पात्र यसमा ब्रह्माण्ड दान्कै सरी
तिस्ओटा गरी माल्पुवा धरिलिनु धागो लपेटी वरी ॥३६७॥

पूजा गर्नु विधी गरेर त्यसमा व्रत् पूर्ण होस् यो भनी
वित्तै शाठ्य नगर्नु फेरि जनले जाइन्छ नर्कै अनि ।
ब्राह्मण् भोजन गर्नु शक्ति अनुसार षड्रस् मिलाईकन
आठौं भाग् दिनको त अन्तिम हुँदा व्रती गरुन् भोजन ॥३६८॥

सेवा श्री पुरुषोत्तमै व्रत गरी नर्नारी धन्यै हुनन्
यस् लोक्को सुख भोगि अन्तिम हुँदा गोलोक भोगी लिनन् ।
इन्द्रै द्युम्न र यौवनाश्व भगिरथ् राजा अरु धेर् कति
आराधन् पुरुषोत्तमै गरिलिँदा मुक्ती भएथे जति ॥३६९॥

गोवर्धन् गिरिधारि कृष्ण मनले सम्झेर भक्ती धरी
व्रत् गर्नू पुरुषोत्तमै सरि कुनै हूँदैन सन्सा भरी ।
इच्छा माफिक फल् दिने अति शुभो पूराण यस्तो छ यो
सुन्ने पाठ मनन् गरे यदि भने पाप् नाश सारा भयो ॥३७०॥

गर्दा फेरि परिक्रमा पृथिविको होला कि पुण्यै कति
सुन्दा मास महात्म्य हुन्छ फल त्यो उत्तम् छ यसमा अति ।
लेखी एहि महात्म्य भूषण सहित् जो दिन्छ ब्राह्मण्कन
उद्धार्तिन्कुलको गरेर सहजै गोलोक जाला भन ॥३७१॥

उत्तम् यो छ महात्म्य पूजन गरी राखे घरैमा अब
सारा तीर्थहरु निवास गरनन् उस्का घरैमा सब ।
ब्राह्मण् हुन्छ अवस्य पण्डित् पठित् क्षत्री भए भूपति
वैश्यै हुन्छ धनी र शूद्र रहला पाप्देखि शुद्धै अति ॥३७२॥

इति शुभम्

लेख्ने प्रेरणा र लेखक परिचय

भाषा श्लोक् रचना तयार् गरिलिने मन् भो मलाई अति
विद्वान् सज्जनले सुधार् गरिदिनोस् भूल् छन् यहाँ के कति ?
लेखें जे जतिभो मनोरथ ममा सद्भाव उन्कै थियो
भाँडो हेरि अटाउने फल जति जुन् दैवले जे दियो ॥३७३॥

भन्छन् विष्णु प्रसाद नाम मकनै अर्याल थर् यो अनि
बेल्सीग्राम निवासि रत्ननगरी वार्ड नम्बरै तीन् भनी ।
जिल्ला हो चितवन् छ टाँडि नजिकै नारायणी मै छ यो
हिँड्ने लड्छ उठाउनन् सुजनले हाँस्ने त मूर्खै भयो ॥३७४॥

लेखक

लेखक चिनारी

१. नाम : विष्णुप्रसाद अर्याल

२. जन्ममिति : १९८७/६/१२

३. जन्मस्थान : सलाङ्ग-९, आरुवास, धादिङ्ग

४. पत्नि : लिला देवी अर्याल

५. पिता : भूमिप्रसाद अर्याल

६. माता : झर्यांदेवी अर्याल

७. शिक्षा : पूर्वमध्यमा (साहित्य)
वाराणसी विश्वविद्यालय, वाराणसी, भारत

८. भ्रमण : नेपाल, भारत, बेलायत

९. हालको ठेगाना : कीर्तिपुर ट्याङ्गला-१, काठमाडौं